## Publisher

**Tribhuvan University Alumni Association, Nepal**

tuinfo2018@gmail.com
www.tuaan.edu.np
Noda Nath Trital
Saroj Maharjan


© TU Alumni Association, Nepal-2023


Printed : TU Press, Kirtipur, Tel No : 4331320, 4331321


# त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशन, नेपाल

# TRIBHUVAN UNIVERSITY Alumni Association, Nepal

# (TUAAN)

# एलुम्नाई स्मारिका-२०७९

# Alumni Souvenir-2023

Follow us on:





# कोरोना महामारीमा ९ महिना बीच ११ लिटर रगत र प्लेटलेट दान गरेर अरुलाई बचाउन पाउनु एउटा राम्रो अनुभव रहयो ।

-अर्जुनप्रसाद मैनाली



| मिति | दानको प्रकार | पटक | | युनिट | [illegible] |
|---|---|---|---|---|---|
| ०६/२८/२०२० | रगत | १ | १ | ५०० मि.लि. | अमेरिकन रेडक्रस |
| ०७/१०/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०७/१८/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | मेमोरियल स्लोन के. ए. सेन्टर |
| ०७/२५/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०८/१०/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | अमेरिकन रेडक्रस |
| ०८/११/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०८/२८/२०२० | रगत | १ | १ | ५०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०८/१३/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०८/१८/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०८/२५/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०८/२९/२०२०८ | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०९/०४/२०२० | रगत | १ | १ | ५०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०९/२८/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| १०/०५/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| १०/१८/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| १०/२३/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| १०/३०/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ११/०७/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ११/२८/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| १२/०७/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| १२/१४/२०२० | प्लेटलेट | १ | २ | ८०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| १२/२१/२०२० | प्लेटलेट | १ | २ | ४०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| ०१/१२/२०२१ | रगत | १ | १ | ५०० मि.लि. | न्युयोर्क ब्लड सेन्टर |
| जम्मा : | | २३ | ४३ | ११,३०० मि.लि. | |

त्रिभुवन विश्वविद्यालय

## उपकुलपतिको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या च. नं.

पौष २०७९



# शुभकामना

नेपालको उच्च शिक्षाको विकासमा इतिहासदेखि वर्तमानसम्म नेतृत्वदायी तथा अग्रणी भूमिका निभाइरहेको त्रिभुवन विश्वविद्यालयमा अध्ययन गरी राष्ट्रिय जीवनको विभिन्न क्षेत्रका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरी रहनुभएका त्रिभुवन विश्वविद्यालयका पूर्व विद्यार्थीहरूको सङ्गठन "त्रिभुवन विश्वविद्यालय एलुम्नाई"-नेपालले आफ्नो चौथो राष्ट्रिय सम्मेलनको उपलक्ष्यमा स्थापनाको चार वर्षका महत्वपूर्ण गतिविधि समेटेर स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाएर मलाई ज्यादै खुशी लागेको छ । यस अवसरमा म सम्बन्धित सबैलाई बधाईका साथै प्रकाशनको पूर्ण सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

त्रि.वि. मा अध्ययन गरेका पूर्व विद्यार्थीहरूलाई सङ्गठित गर्दै आफूले अध्ययन गरेको विश्वविद्यालयप्रति अपनत्व कायम गराउँदै विश्वविद्यालयको शैक्षिक, प्रशासनिक, भौतिक एवम् प्राज्ञिक गरिमा अभिवृद्धि गर्न एलुम्नाईले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।


अन्त्यमा, त्रि.वि. एलुम्नाई र विश्वविद्यालयको विविध गतिविधि र विषयवस्तु समेटेर यस प्रकारको स्मारिका प्रकाशन गर्न लागेकोमा प्रकाशन कार्यमा लाग्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस प्रकारको प्रकाशनले निरन्तरता प्राप्त गर्न सकोस् भनी हार्दिक **शुभकामना** व्यक्त गर्दछु ।

प्रा.डा. धर्मकान्त वास्कोटा
उपकुलपति

त्रिभुवन विश्वविद्यालय
# शिक्षाध्यक्षको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या :

त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय
कीर्तिपुर



## शुभकामना

त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएसनले आफ्नो चौथो राष्ट्रिय सम्मेलनको अवसरमा आफ्नो संस्थाले बिगत ४ वर्षको अवधिमा भए गरेका गतिविधिलाई समेटेर स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ ।


त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा पुरानो विश्वविद्यालय भएको र लामो समय एकमात्र विश्वविद्यालय भएको हुँदा यसबाट उत्पादित जनशक्तिहरुले देश र विदेशका विभिन्न ठाउँमा छरिएर आ-आफ्नो क्षेत्रमा विशिष्ट योगदान दिंदै विश्वविद्यालयको गरिमा बढाई रहेको अवस्था छ । आफुले अध्ययन, प्राध्यापन र विभिन्न भूमिकामा रहि सेवा गरेको विश्वविद्यालयलाई आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउने चाहना हरेक एलुम्नाईहरुलाई हुनु स्वाभाविकै हुन्छ । हरेक एलुम्नाइले सम्बन्धित ठाउँ वा निकायमा विश्वविद्यालयको गरिमा उचो राख्न गरिएको प्रयासलाई सकरात्मक रुपमा लिनुपर्छ । विश्वविद्यालयको एलुम्नाई वर्तमानमा अध्ययनरत विद्यार्थी, प्राध्यापक तथा कर्मचारीका लागि अग्रणी भूमिका निभाउने पात्र हो भन्ने विश्वास हामीले लिएका छौं । प्रस्तुत सन्दर्भमा त्रिवि एलुम्नाइले संगठित रुपले त्रिविको आर्थिक, शैक्षिक, भौतिक वा अन्य तरहले सहयोग पुऱ्याउने मनसाय राखेको प्रति हार्दिक आभार प्रकट गर्दै यसको निरन्तरता र आगामी दिनहरुमा त्रिवि एलुम्नाईको भूमिका अझ प्रभावकारी रहोस भन्ने शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

प्रा.डा.शिवलाल भुसाल
शिक्षाध्यक्ष
त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय

# रजिष्ट्रारको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल



रजिष्ट्रारको कार्यालय त्रिभुवन विश्वविद्यालय

पत्र संख्या : ८६/०७९/०८०

मिति : २०७९/९/१८

## शुभकामना ।

त्रिभुवन विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न विधामा संलग्न पूर्व विद्यार्थीहरुलाई एक आपसमा आवद्ध गर्दै राष्ट्र र त्रिभुवन विश्वविद्यालयको उन्नयनमा सहयोग गर्ने उद्देश्यले २०७४ सालमा स्थापित त्रि.वि.एलुम्नाई एशोसियसनले हाल पाँचौं बसन्त पार गरेको छ । हाल ४०० जनाभन्दा बढी आजीवन सदस्यहरू रहेको यस संस्थाको चौंथो राष्ट्रिय सम्मेलन विविध कार्यक्रमका साथ मनाउन गईरहेको छ । यस अवसरमा सम्बद्ध सबैलाई बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । सिमित स्रोत र साधानका बावजुत पनि यस एशोसियसनले विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ । आगामी दिनमा अझ सवल र सक्षम रूपमा अगाडि बढ्न यस संस्थालाई सफलता मिलोस् भन्ने शुभेक्षा तथा शुभकामना व्यक्त गर्दछु ।

एशोसियसनको चौंथो राष्ट्रिय सम्मेलन विविध कार्यक्रमका साथ मनाउने क्रममा आफ्ना विभिन्न गतिविधि समावेश गरी स्मारिका समेत प्रकाशन गर्न लागेकोमा स्मारिकामा समावेश भएका जानकारीमूलक सामाग्रीहरू शिक्षक, कर्मचारी, विद्यार्थी लगायत सरोकारवाला सबैका लागि उपयोगी हुने विश्वास लिएको छु ।

प्रा.डा.पेशल दाहाल
रजिष्ट्रार

# त्रिविका तत्कालीन उपकुलपति एवम् संस्थापक संरक्षक प्राडा. तीर्थराज खनियाँले दिनुभएको शुभकामना सन्देश



त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशन, नेपालको चौथो राष्ट्रिय सम्मेलनको उपलक्ष्यमा सम्पूर्ण त्रिविका एलुम्नाई सदस्यज्यूहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । छोटो अवधिमा नै त्रिवि एलुम्नाई एशोसिएशनको सदस्य संख्या उत्साहजनक तरिकाबाट वृद्धि भएकोमा कार्यकारी समितिको क्रियाशिलता र सदस्य महानुभावहरूमा सम्मान गर्न चाहन्छु ।

वि.सं. २०१६ सालमा स्थापना भएको त्रिवि अहिले छ दशकको अनुभव प्राप्त देशको जेठो विश्वविद्यालय भएको छ । यो छ दशकमा त्रिविबाट लाखौं दक्ष जनशक्ति उत्पादन भई त्रिविका एलुम्नाईमा दर्ज भइसकेका छन् । त्रिविले प्राज्ञिक परिवेशभित्रबाट नेपालको राजनीति, सरकार सञ्चालन, प्रशासन, प्राविधिक र आर्थिक एवं भौतिक पक्षमा निर्णायक र नेतृत्वदायी भूमिका खेल्ने सयौंजसो राजनैतिक एवं प्राज्ञ व्यक्तित्व एवं दक्ष जनशक्ति त्रिविबाट नै उत्पादित छन् । त्यसैले देशको उच्च शिक्षाको क्षेत्रमा त्रिवि एउटा विश्वविद्यालय मात्र नभएर नेपालको उच्च शिक्षाको लागि शैक्षिक पद्धति नै भएको यथार्थ हो । अहिले देशमा क्रियाशिल विश्वविद्यालयहरूमा त्रिविबाट उत्पादित दक्ष जनशक्तिहरूबाट सबै क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गइरहेको छ ।

त्रिवि स्थापना भएको लामो समयावधि पछि मात्र वि.सं. २०७३ सालमा आएर त्रिवि एलुम्नाई एशोसिएशन, नेपालको गठन सम्पन्न भएको छ । अहिले त्रिविबाट उत्पादित जनशक्ति त्रिविका एलुम्नाईहरू विश्वका विभिन्न देशमा उच्च जिम्मेवारीका साथ काम गरिरहेका छन् भने सिंगो देशकै नेतृत्व तहमा त्रिविका एलुम्नाईहरू क्रियाशिल रहेका छन् । यी सबै त्रिवि एलुम्नाईहरूलाई त्रिविप्रति अपनत्वको भावना विकास गराउने, आफूले अध्ययन गरेको र सारा जीवनभर [illegible] देशलाई कर्मथलो बनाई कार्य गरेको र देश विदेशमा रहेको भए पनि यस विश्वविद्यालयको गौरवमय इतिहास र गरिमालाई उच्च राख्न आ-आफ्नो ठाउँबाट योगदान गराउने, त्रिविका एलुम्नाईहरूको विशाल सञ्जाल निर्माण गरी त्रिविको समग्र शैक्षिक, भौतिक, प्रशासनिक, प्राज्ञिक, प्राविधिक, संगठनको सबलीकरण र विकासका लागि अनुभव आदानप्रदान गर्दै समन्वय, सहयोग र सहकार्य गराउने मुख्य उद्देश्यका साथ यो संस्थाको स्थापना भएकोमा मलाई साह्रै खुशी लागेको छ ।

भनिन्छ विश्वमा मानिसहरूद्वारा मानव सभ्यताको उत्कृष्ट सिर्जना विश्वविद्यालय हो । आज संसारको उन्नती र प्रगति, विज्ञान र प्रविधि अनि स्वास्थ्य र सञ्चार क्षेत्रमा जे प्रगति भएको छ, त्यो मूलतः विश्वविद्यालयको कक्षाकोठाबाट वा त्यहाँबाट भएको भन्ने गरिन्छ । संसारका विकसित धनी र सक्षम देशहरूले उच्च शिक्षामा लगानी गरे, शिक्षाको विकास गरेर सक्षम बौद्धिक व्यक्तित्वहरू जन्माएर देश र विश्वको विकास गरेका छन् । अहिले यो प्रक्रिया प्रतिस्पर्धी बन्न पुगेको छ । प्रविधिले मानिसलाई एक ठाउँमा जोडेको छ । विश्वव्यापीकरणले मानिसहरूको व्यवस्थापन सहज भएको छ । त्यसैले एक देशबाट युवा विद्यार्थी ठूलो संख्यामा अर्को देश पुग्ने प्रचलनको वृद्धि भएको छ । यो क्रमले भविष्यमा के नतिजा ल्याउँछ, हेर्न बाँकी छ । तर एउटा कुरा के सत्य नै रहेको छ भने कुनै पनि देशले यदि आफ्नो उच्च शिक्षा प्रतिस्पर्धी र गुणस्तरीय बनाउन सकेन भने त्यो देश उँभो लाग्ने अवस्था हुने छैन । त्यसैले कैयौं देशहरूले विदेशी विद्यार्थी लिने नीति अनुसार उच्च शिक्षाको नीति र प्रक्रिया बदल्ने र उच्च सूचना प्रविधिको प्रयोग गरी ट्यालेन्ट हन्ट गर्ने अनि यहि क्रमलाई तीव्रता दिएर पैसा जम्मा गर्ने गरेको पाइन्छ । यो क्रममा नेपाल प्रवेश गरिसकेको छ । यदि नेपाल सरकार, त्रिभुवन विश्वविद्यालय, उच्च शिक्षाको महत्वपूर्ण पक्ष र त्रिवि एलुम्नाई समेतले विचार गरी काम गर्न नसके अहिले युवाशक्ति उच्च शिक्षा अध्ययनको लागि भन्दा विदेशिने जुन क्रम बढिरहेछ, त्यो बरलाग्दो नै रहेको अवस्था छ । गत वर्षमात्रै उच्च शिक्षा पढ्न जानेहरूका लागि एक लाख चौबिस हजार नो अब्जेक्सन लेटर शिक्षा मन्त्रालयले जारी गरेको अवस्था छ । यसमध्ये सम्भावना बोकेका सक्षम युवा पुस्ताका तीक्ष्ण बुद्धि र आर्थिक अवस्था सम्पन्न भएका कक्षा १२ पास गरेर उच्च शिक्षा अध्ययनको लागि विदेशिने संख्या ८० हजारभन्दा बढी रहेको पाइन्छ । यी विद्यार्थीहरूले विदेश पढ्न

जानको लागि एक खर्ब भन्दा बढी विदेशी मुद्रा बाहिर गरी विदेशिएको पाइन्छ । यसको प्रत्यक्ष असर देखिँदा त्रिवि लगायत नेपालका सबै विश्वविद्यालयहरूमा स्नातक तहमा विद्यार्थी भर्ना न्यून हुँदै गएको र यो असर दीर्घकालीन रूपमा पनि रहने सम्भावना देखिन्छ । के यो अवस्था रहिरहनु ठिक छ? त्रिवि एलुम्नाई एशोसिएशनले यो देशबाट विदेशिने विद्यार्थीहरूलाई नेपालमै उच्च शिक्षा अध्ययनमा संलग्न गराउने वातावरण विश्वविद्यालयहरूमा कायम राख्ने पक्षलाई आवश्यक समन्वयात्मक पहल लिन जरुरी छ ।

विशेष गरी मैले नै त्रिविको उपकुलपति नियुक्त भएपछि अन्तर्राष्ट्रियस्तरका विश्वविद्यालयका एलुम्नाई एशोसिएशनको उद्देश्य र महत्वलाई त्रिविमा पनि स्थापित गर्नुपर्दछ भन्ने मान्यताका साथ यसको शुरुवात गर्ने उत्प्रेरकको भूमिका खेल्ने अवसर पाएको हो । यसको गठनको लागि वृहत छलफल कार्यक्रम आयोजना गर्ने र तदर्थ समिति गठन गराउनेसम्मको कार्यमा मेरो समन्वयात्मक भूमिका रहेको थियो । फलस्वरूप त्रिवि कार्यकारी परिषद्बाट गत वर्ष निर्देशिका पारित गरी यो संस्थाको विधिवत स्थापना गर्न सम्भव भएको हो । साथै त्रिविका तत्कालीन बहालवाला उपकुलपतिको हैसियतमा संस्थाको पहिलो संस्थापक आजीवन सदस्यता समेत ग्रहण गरी यस संस्थालाई सिंगो त्रिभुवन विश्वविद्यालयको तर्फबाट संस्थागत अपनत्व रहेको छ भन्ने सन्देश समेत सम्पूर्ण एलुम्नाईहरूमा प्रवाह गराउन पाउनु मेरो सुखद पक्ष हो ।

त्रिविको करिब छ दशकको इतिहासमा अहिले आएर विश्वस्तरका विश्वविद्यालय मूल्यांकनका मापदण्डहरूभित्र छिरेर त्रिविले महत्वपूर्ण एक हजारभित्रको उत्कृष्ट विश्वविद्यालयहरूको सूचीमा आफ्नो स्थान कायम राख्न सफल भएको छ । त्रिविको भिजन २०२०-३० निर्माण गर्दासम्म आगामी दश वर्षभित्र विश्वका हजार उत्कृष्ट विश्वविद्यालयको सूचीभित्र पर्ने लक्ष्य राखिएकोमा हाले बेलायतको टाइम्स हायर एजुकेशन (टी) ले सन् २०२१ को लागि गरेको मूल्याङ्कनमा त्रिवि यो वर्ष पनि विश्वका उत्कृष्ट ८०१-१००० विश्वविद्यालयहरू मध्येको एक घोषणा भएको अवस्था छ । यसबाट त्रिविको विश्वस्तरको गरिमा उच्च भएको छ भने हाम्रो काँधमा त्रिविलाई अझै उत्कृष्ट बनाउने दायित्व र जिम्मेवारी समेत थपिएको छ । विभिन्न देशका विश्वविद्यालयमा उत्कृष्ट कार्य गरी अनुभव हासिल गरेका विद्वतासहितका व्यक्तिहरू जसलाई त्रिविमा सिधै प्राध्यापक भै संलग्न गराउने कार्यले त्रिविलाई थप योगदान पुग्ने अवस्था छ ।

आगामी दिनमा त्रिविलाई उत्कृष्टताको सूचीमा थप अग्रणी स्थानमा पुर्‍याउन विश्वभर छरिएर रहेका त्रिविका एलुम्नाई सदस्यहरूबाट यसै त्रिवि एलुम्नाई एशोसिएशन, नेपालमार्फत समेत सहयोग आदानप्रदान गरी थप योगदान पुग्नेछ भन्ने मैले विश्वास लिएको छु ।

भविष्यमा समेत देश विदेशमा रहनुहुने त्रिविका एलुम्नाई सदस्यहरूबाट रुचीपूर्वक यस संस्थामार्फत त्रिविको भौतिक, साङ्गठनिक, शैक्षिक, प्राज्ञिक, अनुसन्धानमूलक कार्यहरूमा सहयोग, समर्थन र ऐक्यबद्धता निरन्तर रहिरहोस् भन्ने आग्रह गर्न चाहन्छु । र नेपालमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने त्रिविको विगतदेखिको साखलाई अझ सशक्त रूपमा निरन्तरता दिन यस त्रिवि एलुम्नाई एशोसिएसन नेपालको तर्फबाट आगामी दिनमा समेत उल्लेख्य योगदान पुग्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यस चौथो साधारण सभाबाट त्रिविको भिजन २०२०-३० कार्यान्वयनलाई समेत टेवा पुर्‍याउने गरी संस्थाको भावि कार्यदिशासहितको ठोस कार्ययोजना पारित गर्दै लोकतान्त्रिक विधिबाट सक्रिय कार्यसमिति निर्वाचित गरी संस्थालाई जीवन्त राख्न सफलता मिलोस् भन्ने उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रा.डा. तीर्थराज खनिया
पूर्व उपकुलपति
त्रिभुवन विश्वविद्यालय
मिति: २०७८/०९/२५

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| उपकुलपतिज्युबाट शुभकामना | i |
| शिक्षाध्यक्षज्युबाट शुभकामना | ii |
| रजिष्ट्रारज्युबाट शुभकामना | iii |
| पूर्व उपकुलपतिज्युबाट शुभकामना | iv |
| *खण्ड "क"* | |
| *परिचय* | |
| त्रिवि एलुम्नाई एशोसिएशन नेपालको बारेमा | १ |
| त्रिवि एलुम्नाई एशोसिएशन नेपालः एक चिनारी | ३ |
| *खण्ड "ख"* | |
| *प्रतिवेदनहरु* | |
| त्रिवि एलुम्नाई एशोसिएशन नेपालको साधारण सभामा प्रस्तुत प्रतिवेदनहरू | |
| प्रथम साधारण सभा | ९ |
| आ.व. २०७४।०७५ मा प्रस्तुत वार्षिक प्रतिवेदन | |
| दोस्रो साधारण सभा | ११ |
| आ.व. २०७५।०७६ देखि २०७७।०७८ मा प्रस्तुत वार्षिक प्रतिवेदन | |
| *खण्ड "ग"* | |
| *आर्थिक प्रतिवेदन* | |
| आर्थिक एवम् लेखा परीक्षण प्रतिवेदन | १५ |
| *खण्ड "घ"* | |
| *संस्थागत गतिविधि* | |
| त्रिवि एलुम्नाई एशोसिएशन नेपाल, संस्थागत गतिविधिहरू | ३५ |
| *खण्ड "ङ"* | |
| *निर्देशिका* | |
| त्रिवि एलुम्नाई एशोसिएशन नेपालको निर्देशिका २०७४ | ४२ |
| *खण्ड "च"* | |
| *आजीवन सदस्यको सूची* | |
| त्रिवि एलुम्नाई एशोसिएशन नेपालका आजीवन सदस्यहरुको विवरण | ५३ |
| *अनुसूचीहरु* | |
| त्रिवि एलुम्नाई एशोसिएशन नेपाल समितिको विवरण | ७० |
| त्रिवि एलुम्नाई एशोसिएशन नेपाल चौँथो राष्ट्रिय सम्मेलनमा सहयोगी संस्थाहरू | ७२ |

# त्रिवि एलुम्नाई एशोसिएशन नेपालको बारेमा

- प्रा डा सुनिती श्रेष्ठ हाडा,
अध्यक्ष
Sunity.shresthahada7@gmail.com



त्रिभुवन विश्वविद्यालय वि.सं. २०१६ असार २५ गते (जुन ११, १९५९ इ.स) मा स्थापना भएको नेपालको पहिलो विश्वविद्यालय देशको गर्व रही आएको छ । त्रिभुवन विश्वविद्यालय अहिले विद्यार्थी भर्ना संख्याको आधारमा संसारका सम्पूर्ण विश्वविद्यालय मध्ये १० नम्बरमा पर्छ । सन् २०१९ मा बेलायतको Times Higher Education को रेकोर्ड अनुसार त्रिवि संसारको विश्वविद्यालय मध्ये ८००-१००० को तहमा र एसियाको २०१-३०० को तहमा परेको छ । त्रिविमा हाल सम्म ५ वटा अध्ययन संस्थान, ४ वटा संकायहरू तथा चार वटा अनुसन्धान केन्द्रहरू छन् ।

त्रिविको लामो तथा गौरवपूर्ण इतिहासलाई अझ सशक्त बनाउन एलुम्नाई एशोसिएशन गठन गरेर हालसम्म यहाँबाट दिक्षित भएर गएका सम्पूर्ण पुर्व विद्यार्थी व्यक्तित्वहरूलाई समेटेर त्रिविको हक र हितको लागि काम गर्नु पर्ने आवश्यकता पछिल्लो सबै उप कुलपतिज्यूहरूबाट महसुस गर्दै आएका थिए । अहिले उप कुलपति प्रा.डा. तिर्थ राज खनियाको नेतृत्व र सल्लाहद्वारा "त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशन नेपाल" गठन गरियो । इस्वी सन् २०१७, नोभेम्बर २८ (२०७४ मंसिर १२ गते) मा त्रिविको कार्यकारी परिषद बाट एलुम्नाईको निर्देशिका औपचारिक रूपमा पास गरियो। यसै सन्दर्भमा पुर्व उप कुलपतिज्यूहरू सँग एक कार्यक्रम गरेर यस एलुम्नाइले भविष्यमा गर्नु पर्ने कुराहरूमा छलफल भएको थियो ।

**भिजन, मिसन तथा उद्देश्यहरू**: त्रिभुवन विश्वविद्यालयबाट उतिर्ण गरी देश तथा विदेशमा विभिन्न पेशा रोजगारमा रही आफ्ना पेशा व्यवसाय गर्दै आएका व्यक्तिहरूको ज्ञान तथा शिप उपभोग गरी त्रिवि आफ्नो समुदाय तथा देशको विकासको लागि संजाल बनाउने भिजन राखेको यस संस्थाले त्रिवि र त्रिवि एलुम्नाईको कल्याणको लागि काम गर्ने, त्रिविलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रूपमा विकास गर्ने र दिगो बनाउन र सदस्यहरूको क्षमताको उपयोग गर्ने, प्राज्ञिक विशिष्टताको पहिचान गरी उहाँहरूको ज्ञान र शिपको प्रयोग गरी प्राज्ञिक उन्नयनमा लगाउने, सामाजिक महत्वका विषयहरूबारे जागरुक बनाउने साथै सामाजिक र राष्ट्रिय उत्तरदायित्व बढाउन सदस्यहरू बीच छलफल आदान प्रदान गर्ने र तत्सम्बन्धमा कार्य गर्नु गराउनुका साथै विद्यार्थी र समाजका विभिन्न वर्गसंग समन्वय गरी काम गर्ने, सदस्यहरू बीच सद्भाव बढाउन तथा दिगो बनाउन एक महत्वपूर्ण फोरम स्थापना गर्ने साथै विश्वका महत्वपूर्ण मुद्दामा आफ्नो योगदान दिन सक्ने उद्देश्यहरू लिएको छ ।

**सदस्यता**: यो संघमा त्रिविबाट डी लिट, पी एच डी, एम फिल, स्नातकोत्तर, स्नातक उतिर्ण गरेका सबै व्यक्तिहरू सदस्य हुन सक्नेछन् । तर त्रिविबाट प्रमाणपत्र तह हटाउनु भन्दा अघि प्रमाणपत्र तह उतिर्ण गरेका सबैले यस संघको सदस्यता प्राप्त गर्न सक्नेछन् । यस संघमा संस्थापक सदस्य, आजीवन सदस्य, साधारण सदस्य र मानार्थ सदस्य रहने छन् ।

त्रिवि एलुम्नाईको पहिलो चुनौती साठी वर्ष सम्मका पुर्व विद्यार्थीहरूको पहिचान र हाल ठेगाना पत्ता लगाउनु नै हो । साथै संसारका करिब सबै नै महादेशहरूमा नेपालीहरू छन् र त्रिविका विद्यार्थीहरू नै

धेरै छन् । कति त विदेशमा नागरिकता लिई सकेका छन्, कति त्यहाँका रेसिडेन्ट भै बसेका छन्, कति अझै अध्ययनरत छन् । तसर्थ ती सबैको लिंक र सम्पर्क सुचना संकलन गरेर सदस्य बनाउनु महत्वपूर्ण जिम्मेवारी भएको छ।

यसको लागि एउटा उपायको रुपमा संसारका हरेक क्षेत्र, सबै महादेशहरुलाई एक एक समुहमा छुट्याई त्रिवि एलुम्नाईको उप समुह गठन गर्ने सोचाइ रहेको छ। स्वयम् नेपालमा पनि सम्पूर्ण पुर्व विद्यार्थीहरुलाई एउटा सन्जालभित्र ल्याउने काम चुनौतिपूर्ण छ । यहाँका सबै सरकारी, गैर सरकारी, बैंकिंग-वित्तिय क्षेत्र, पुलिस, आर्मी, स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, उद्योगपति, व्यापार व्यवसायी, उद्धमी रुवैमा त्रिविका नै विद्यार्थीहरु कार्यरत छन् । ती सबैलाई समेटन सुचारु तवरले सदस्य बनाउने कार्य अगाडि बढाउने योजना रहेको छ ।

**अध्यापन अनुसन्धान, सेमिनार, गोष्ठी, कार्यशाला, तालिम, अन्तरक्रिया**: त्रिवि एलुम्नाईको महत्वपुर्ण कार्य पठन-पाठन, अनुसन्धान, सेमिनार, गोष्ठी, कार्यशाला, तालिम, अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गर्नु हो । विदेशमा रहेका त्रिवि एलुमनाइको सदस्यहरुको दक्षताको सहि उपयोग नेपालका कति कलेजहरुमा र नयाँ बिषयको अध्यापनमा प्रयोग गर्न सकिन्छ, साथै कति संयुक्त रुपमा अध्ययन अनुसन्धान कार्य पनि गर्न सकिन्छ ।

त्रिवि एलुम्नाईका कैयौ सदस्यहरु देशका उच्च पदमा आसिन हुनुहुन्छ, नीति निर्माण र निर्णय गर्ने ठाँउमा हुनुहुन्छ । समसामयिक बिषयहरुमा प्राज्ञिक छलफल गरि त्रिवि एलुम्नाईले त्रिवि, समाज र देशका समस्या समाधानमा सल्लाह प्रदान गरी देश विकाशमा योगदान पनि गर्न सकिन्छ र आवश्यक परेको बेला नीति निर्माण र कार्यान्वयनमा पनि सहयोग पुर्याउन सकिने देखिन्छ ।

**प्रकाशन**: त्रिवि एलुमनाइ आफ्नो समाचारपत्र प्रकाशन गर्ने उद्देश्य राख्दछ । भविष्यमा विशिष्ट विषयहरुमा विषयगत जर्नल पनि प्रकाशित गर्ने लक्ष्य राखेको छ । हाल एक *स्मारिका* प्रकाशन गरी सुरुआत गरेका छौं ।

**बहुद्देश्यीय भवन निर्माण**: त्रिवि एलुम्नाईको आफ्नो बहुद्देश्यीय भवन निर्माण गर्ने लक्ष्य पनि छ । त्रिविको अन्तर्राष्ट्रिय कन्फरेन्स भवन जसमा एक ठुलो हल, करिब ५ वटा सेसन हल, इ-पुस्तकालय समेत रहने गरी बनाउने योजना छ। यसका साथै एक अन्तर्राष्ट्रिय प्राज्ञिक गेष्ट हाउस बनाउने योजना पनि छ । जस्को लागि त्रिविबाट उपयुक्त भुमिका प्राप्त हुने प्रतिक्षा छ ।

अहिलेको कार्यकारी समितिको चार बर्षको अनुभवको आधारमा हामिले देखेका बुझेका कुरा यो हुन् कि यो संस्था दिगो रुपले सन्चालन हुनको लागि नियमित संचार, सबै तप्काबाट सहयोग, जस्तै विद्यार्थी, कर्मचारी, प्राध्यापकज्युहरु, त्रिविका अधिकारीज्युहरु र व्यावसायिक क्षेत्रको अति आवश्यकता छ ।

यसरी यस एलुम्नाईले त्रिविका सम्पूर्ण विद्यार्थीहरुलाई आफ्नो शैक्षिक संस्था प्रति माया, ममता र सदभाव बनाइ राख्न र यस संस्था, आफ्नो समाज र देशप्रति उत्तरदायित्व बन्न प्रेरित गर्नको लागि सधैं तत्पर रहनेछ।

यो अति उत्तम र महत्वपूर्ण कार्यमा सबैको सहभागिता र सहयोगको अपेक्षा गर्दछौं ।

*मंगलमय शुभकामना*

मिति : २०७९/०९/२१

# त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशन नेपाल : एक चिनारी

*प्रा.डा. ऋदिश कुमार पोखरेल*
*महासचिव*



### पृष्ठभूमि

विभिन्न देशका विश्वविद्यालयहरुले विश्वविद्यालयका साथै शिक्षाको विकास गर्ने उद्देश्यका साथ विश्वविद्यालयबाट विभिन्न तह उत्तीर्ण गरेका जनशक्तिहरुलाई आबद्ध गर्ने गरी एलुम्नाईको स्थापना गरेका छन् । सोही अनुरुप त्रिविले पनि त्रिविबाट स्नातक तह वा सोभन्दा माथिल्लो तह उत्तीर्ण गरी स्वदेश वा विदेशमा विभिन्न पेशा वा व्यवसाय वा रोजगार गर्दै आएका व्यक्तिहरुलाई आबद्ध गरी त्रिविको हितमा कामगर्न आपसी सहयोग र सुसम्बन्ध स्थापना गर्ने एवम् उच्च शिक्षाको अध्ययन, अध्यापन, अनुसन्धान तथा विकास गर्ने लक्ष्य लिएर त्रिवि एलुम्नाई एशोसिएशन नेपाल (Trihhuvan University Alumni Association, Nepal) (TUAAN) गठनको अवधारणा ल्याइएको हो । यस एशोसिएशनमा त्रिविबाट डिलिट, पोस्टडक, विद्यावारिधि, एमफिल, स्नातकोत्तर, स्नातक उपाधि प्राप्त गरेका व्यक्तिहरु सदस्य हुन सक्नेछन् । तर यस विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह पास गरेका व्यक्तिहरुले समेत यस संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

### त्रिवि एलुम्नाईको शुरुवात

त्रिवि एलुम्नाईको महत्व र आवश्यकताबारेको छलफल वि.सं. २०५० सालमा प्रा. केदारभक्त माथेमा उपकुलपति भएदेखि भएको सुनिन्छ । आफ्नो समयमा विभिन्न त्रिविका उपकुलपतिहरु छलफल चलाए पनि यसले मुर्त रुप लिन सकेको थिएन । प्रा.डा. तीर्थराज खनियाँ त्रिविको उपकुलपतिमा नियुक्त भएपछि उक्त सोच पुनः जागृत भएर आयो र त्यसलाई मुर्त रुप दिनको लागि वि.सं. २०७२ साल असोज १९ गते त्रिवि स्मृति भवनमा छलफल कार्यक्रम राखियो । उक्त छलफलमा विभिन्न क्षेत्र समेटिने गरी करिब ५० जनाको सहभागिता रहेको थियो । उक्त छलफलमा तत्कालीन उपकुलपति खनियाँद्वारा छलफल कार्यक्रम राख्नुको उद्देश्य सहित आफ्नो भनाइ राख्नुभएको थियो भने प्रा.डा. ऋदिशकुमार पोखरेलले त्रिवि एलुम्नाई एशोसिएशन नेपालको सोचपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त भेलाको शतप्रतिशत सहभागीहरुले त्रिवि एलुम्नाई सोचलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुका साथै यसलाई निरन्तरता दिनको लागि केहि समयसम्म त्रिविले प्रशासनीक पक्षमा सहयोग गर्नुपर्ने भनाई राखिएको थियो । फलस्वरु सोही भेलाबाट त्रिवि योजना निर्देशनालयका प्रमुख सदस्य सचिव



रहनेगरी विभिन्न क्षेत्र, संकाय र अध्ययन संस्थानको प्रतिनिधित्व हुने गरी १४ सदस्यीय समिति गठनको प्रस्ताव पास हुनुकासाथै विभिन्न क्षेत्र, संकाय र अध्ययन संस्थानको प्रतिनिधित्व हुनेगरि व्यक्तिहरु पनि चयन गरिएको थियो ।

### समितिको गठन

वि.सं. २०७३ साल असोज १९ गते चयन भएको १४ सदस्यीय समितिमा निम्न व्यक्तिहरु रहनुभएको र सो समितिलाइ तदर्थ समिति नामाकरण गरिएको थियो :

| क्र.सं. | पद | नाम थर | क्र.सं. | पद | नाम थर |
|---|---|---|---|---|---|
| १ | सदस्य | प्रा.डा. कृष्ण मानन्धर | ८ | सदस्य | प्रा.डा. रामेश्वरप्रसाद पोखरेल |
| २ | सदस्य | प्रा.डा. सुनिति श्रेष्ठ हाडा | ९ | सदस्य | डा. कृष्ण काफ्ले |
| ३ | सदस्य | प्रा.डा. सुदर्शनराज तिवारी | १० | सदस्य | श्री अर्जुनकान्त मैनाली |
| ४ | सदस्य | प्रा.डा. तीर्थप्रसाद मिश्र | ११ | सदस्य | श्री गंगाबहादुर थापा |
| ५ | सदस्य | प्रा.डा. विद्यानाथ कोइराला | १२ | सदस्य | श्री आयुषमान शेरचन |
| ६ | सदस्य | प्रा. गुणनिधि न्यौपाने | १३ | सदस्य | डा. महेन्द्र विष्ट |
| ७ | सदस्य | प्रा.डा. सन्तोष राममाझी | १४ | सदस्य सचिव | प्रा.डा. ऋदिशकुमार पोखरेल |

तदर्थ समितिको पहिलो बैठक वि.सं. २०७३ पौष ८ गते बसेको र सो बैठकबाट प्रा.डा. कृष्ण मानन्धरलाई संयोजक तोकीएको थियो । सोही बैठकबाट ४ सदस्यीय निम्न त्रिवि एलुम्नाई विधान मस्यौदा उपसमिति गठन गरि त्रिवि एलुम्नाई एशोसिएशन कार्यको प्रारम्भ गरिएको थियो

१ प्रा.डा. सुनिति श्रेष्ठ हाडा - संयोजक
२ प्रा.डा. विद्यानाथ कोइराला - सदस्य
३ प्रा. गुणनिधि न्यौपाने - सदस्य
४ श्री आयुष शेरचन - सदस्य





यसै क्रममा यस संस्थाका संयोजक प्रा.डा. कृष्ण मानन्धरको असमायिक निधन भयो र उहाँको निधनप्रति शोक प्रस्ताव पारित गर्दै २०७४ साल भाद्र १ गते बसेको बैठकले प्रा.डा. सुनीति श्रेष्ठ हाडालाई संयोजक चयन गरिएको थियो । वि.सं. २०७४ पौष २१ गते बसेको तदर्थ समितिको बैठकले त्रिभुवन विश्वविद्यालय एलुम्नाइ एशोसिएशन नेपालको निर्देशिका २०७४ को परिच्छेद ४ को नियम १२ (१) अनुसार तदर्थ समितिलाई तदर्थ

कार्य समितिमा रूपान्तरण गरिएको थियो । यसैगरि विक्रम सम्वत २०७५ साल पौष २५ गते शनिबारका दिन बसेको त्रिवि एलुम्नाई एसोसिएसन नेपालको प्रथम राष्ट्रिय सम्मेलनले यस संस्थाको विधान अनुसारको २७ सदस्यीय कार्य समिति निर्वाचित गरि विधिवतरूपमा त्रिवि एलुम्नाई एसोसिएसन को कार्य समिति गठन गरियो ।

| क्र.सं. | पद | नाम थर | क्र.सं. | पद | नाम थर |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रा.डा. सुनिति श्रेष्ठ हाडा | १५ | सदस्य | डा. सीता शिवाकोटी ओली |
| २ | उपाध्यक्ष | प्रा.डा. सुदर्शनराज तिवारी | १६ | सदस्य | प्रा.डा. मोहनप्रसाद पन्थी |
| ३ | महा–सचिव | प्रा.डा. ऋषिकेशकुमार पोखरेल | १७ | सदस्य | श्री गंगाबहादुर मगर |
| ४ | सचिव | श्री अर्जुनकान्त मैनाली | १८ | सदस्य | प्रा. गुणनिधि न्यौपाने |
| ५ | कोषाध्यक्ष | डा. कुसुमला आचार्य | १९ | सदस्य | प्रा.डा. रामकैलाश यादव |
| ६ | सदस्य | प्रा.डा. सन्तोष राजभण्डारी | २० | सदस्य | डा. अरुणकुमार ठाकुर |
| ७ | सदस्य | डा. रामचन्द्र पोखरेल | २१ | सदस्य | श्री जगतकृष्ण पौडेल |
| ८ | सदस्य | श्री कमल घिमिरे | २२ | सदस्य | डा. विजयलाल प्रधान |
| ९ | सदस्य | प्रा.डा. रामप्रसाद खतिवडा | २३ | सदस्य | प्रा.डा. ताराप्रसाद सापकोटा |
| १० | सदस्य | प्रा.डा. शंकरप्रसाद खनाल | २४ | सदस्य | श्री पुरुषोत्तम उपाध्याय |
| ११ | सदस्य | श्री निर्जा पोखरेल | २५ | सदस्य | श्री रविचन्द्र पराजुली |
| १२ | सदस्य | श्री नन्दकिशोर कुमार | २६ | सदस्य | डा. धीरज प्रधानाङ्ग |
| १३ | सदस्य | श्री सूर्यप्रसाद अधिकारी | २७ | सदस्य | प्रा.डा. तीर्थप्रसाद मिश्र |
| १४ | सदस्य | प्रा.डा. चन्द्रलाल श्रेष्ठ | | | |

त्रिवि एलुम्नाई एसोसिएसन नेपालको कार्य समिति निर्वाचित भएपश्चात कार्य समितिको पहिलो बैठक विक्रम सम्वत २०७५ साल पौष २६ गते TU CEDA भवनमा सम्पन्न भएको थियो ।

## त्रिवि एलुम्नाई एशोसिएशन नेपालको निर्देशिका

वि.सं. २०७३ साल माघ २० गते तदर्थ समितिको बैठक बसी त्रिवि एलुम्नाई एशोसिएशन नेपालको संरचना र सदस्यका प्रकारहरूसम्बन्धी छलफल गरी चार प्रकारका सदस्यता रहने निर्णय गरियो । जसमा साधारण, आजीवन, संस्थापक र मानार्थ सदस्यता वितरण गर्न सकिने व्यवस्था गरिएको थियो । विधान मस्यौदा उपसमितिले तयार गरेको विधान मस्यौदामाथि तदर्थ समितिमा चैत्र २५, २०७३ मा छलफल गरियो र सम्पूर्ण सदस्यहरूसंग सुझावको लागि आव्हान गरियो । सदस्यहरूबाट समेत प्राप्त भएका विषयवस्तुहरूलाई समावेश गरी संस्थाको विधानलाई निर्देशिकाको रूपमा मस्यौदा गरिनुका साथै त्रिवि एलुम्नाई एशोसिएशन नेपालको लोगो, सदस्यता शुल्क र पत्राचार गर्ने लेटरप्याड, सदस्यता शुल्क रसिद र आजीवन सदस्यताको परिचय पत्रको ढाँचा समेतको छलफल गरी निर्णय गरिएको थियो ।

२०७४ साल भाद्र १ गते बसेको बैठकबाट निर्देशिकाको मस्यौदा पारित गरी त्रिवि कार्यकारी परिषद्लाई स्वीकृतीको लागि पठाउन त्रिवि उपकुलपति समक्ष पेश गर्ने निर्णय गरियो र सोहीअनुरूप मस्यौदालाई त्रिवि उपकुलपति समक्ष पेश गरिएको थियो । त्रिवि कार्यकारी परिषद्को मिति २०७४ मंसीर १२ गतेको बैठकबाट परिमार्जन सहित त्रिवि एलुम्नाई एशोसिएशन नेपालको निर्देशिका २०७४ स्वीकृत भयो र उक्त मिति पश्चात

उक्त निर्देशिकालाइ कार्यान्वयनमा ल्याइयो ।

## सदस्यता वितरण

निर्देशिका स्वीकृत भएपश्चात वि.सं. २०७४ पौष २१ गते बसेको तदर्थ समितिको बैठकले सदस्यता वितरण गर्ने निर्णय ग-यो र सो निर्णय बमोजिम त्रिविका तत्कालीन उपकुलपति प्रा.डा. तीर्थराज खनियाँलाई संस्थाको पहिलो आजीवन सदस्यता प्रदान गरी सदस्यता वितरणको कार्य प्रारम्भ गरिएको थियो । त्यसपछि तत्कालीन शिक्षाध्यक्ष प्रा.डा. सुधा त्रिपाठीलाई दोस्रो, रजिष्टार श्री डिल्लीराम उप्रेतीलाई तेस्रो र तदर्थ समितिका अध्यक्ष प्रा.डा. सुनीति श्रेष्ठ हाडालाई चौथो आजीवन सदस्यता प्रदान गरेपछि आम रुपमा सदस्यता वितरणको कार्य प्रारम्भ गरिएको थियो ।

## सदस्यता लिनको लागी जानकारी





त्रि.वि. एलुम्नाई एसोसिएसनको कार्यालय त्रि.वि. स्मृति भवनको दोस्रो तल्लामा रहेको छ । कार्य समिति बाहेक त्रि.वि. पाठ्यक्रम विकास केन्द्रका शाखा अधिकृत श्री नोदनाथ त्रितालले प्रशासनिक कार्यका साथै सम्पर्क व्यक्तिका रुपमा जिम्मेवारी लिई कार्य गर्दै सहयोग पुर्‍याउनु भएको छ । त्रि.वि. एलुम्नाई एसोसिएसन नेपालले website (www.tuaan.edu.np) मिती २०७५ भाद्र १६ बाट संचालनमा ल्याएको छ । यो website विकास तथा संचालनको लागी Sangrila Innovation पोखराका श्री अमृत गुरुङ्गले एक वर्षसम्म निशुल्क सहयोग गर्नुभएको थियो । हाल सो website संचालन तथा नविकरण गर्न त्रि.वि. एलुम्नाई एसोसिएसन नेपालको कार्य समितिका सदस्य डा. विजयलाल प्रधानले निशुल्क रुपमा सहयोग गर्दै आउनु भएको छ ।

यदि कसैले TUAAN को सदस्यता लिन चाहेमा सम्पर्क व्यक्तिसंग सम्पर्क गरी वा यलफिम पिक भरी सदस्य बन्न सकिने छ । यसैगरि त्रि.वि. एलुम्नाई एसोसिएसन नेपालको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा ०४५००१०६५०१६३३०००००२ को खाता संचालनमा रहेको छ र यदि कसैले TUAAN लाई सहयोग गर्न चाहेमा उक्त खातामा अनलाइन प्रविधिमार्फत पनि रकम जम्मा गर्न सकिने व्यवस्था रहेको छ ।

## त्रि.वि. एलुम्नाई गतिविधिहरू

विश्वव्यापि Covid-19 को महामारीबाट नेपाल पनि अछुतो रहेन । सो महामारीको कारण त्रि.वि. एलुम्नाई एसोसिएसन नेपालले सोचे अनुरुप कार्य अगाडी बढाउन नसकेपनि केही गतिविधिहरू बढाएको छ ।

- TU Alumni Association Nepal (TUAAN) लाई अगामी दिनमा कसरी अगाडी बढाउने भन्ने सन्दर्भमा त्रिभुवन विश्वविद्यालयको वर्तमान तथा पुर्व उपकुलपतिसँग ११ चैत्र २०७५ मा छलफल ।
- त्रिभुवन विश्वविद्यालयको ६० औं वार्षिकोत्सवको अवसरमा आषाढ २०७६ साल २३ गते कीर्तिपुर परिसरमा वृक्षारोपणको कार्यक्रम ।

- Non Resident Nepali Association (NRNA) को पदाधिकारीहरूसँग मिति २०७६ साल माघ ९ गते बैठक बसी भावी दिनमा TUAAN र NRNA को सहकार्यमा गर्न सकिने कार्यक्रम बारे छलफल ।
- त्रिविमा नियुक्ति हुनु भएका नवनियुक्त उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रार लाई TUAAN को तर्फबाट २०७६ कार्तिक २९ गते बधाई ज्ञापन गरिएको र TUAAN को सदस्य बन्न आग्रह गरेको ।
- २०७६ सालको TU Today मा TUAAN को छोटो चिनारी प्रकाशित गरिएको र यसलाइ निरन्तरता दिइएको ।
- मिति ०९ पौष २०७५ बसेको प्रथम बार्षिक सम्मेलनले मिति २०७४ साल मंसीर १२ गते त्रिवि कार्यकारी परिषद्बाट स्वीकृत संस्थाको निर्देशिका २०७४ का केहि प्रावधानहरू संशोधन गर्नुपर्ने देखिएकोले नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरूबाट संशोधन गर्नुपर्ने दफाहरू र त्यसमा समावेश विषयहरूलाई अन्तिम रूप दिई कार्यकारी परिषद्मा सिफारिस गर्ने अख्तियारी प्रदान गर्ने निर्णय गरे बमोजिम मिति ३० श्रावण २०७८ मा बसेको कार्यसमितिको बैठकले निम्नबुँदाहरू संशोधनकोलागी त्रिवि कार्यकारी परिषद्मा स्वीकृतको लागी मिति २१ भाद्र २०७८ पठाइएको ।
  - परिच्छेद ३, अनुसुची छ अन्तरगत बुँदा नं. ग थपी संस्थाको सल्लाहकार समितिको सदस्यको प्रावधान राख्ने ।
  - संस्थापक अध्यक्ष सल्लाहकार समितिको सदस्य हुने ।
  - तत्काल विगतका अध्यक्ष (Immediate Past President, IPP) कार्यसमिति सदस्य हुने ।
  - त्रिवि एलुम्नाई एशोसिएशनको बहालवाला अध्यक्ष त्रिवि सिनेटको सदस्य हुने ।
  - परिच्छेद ३, अनुसुची छ अन्तरगत बुँदा घ थपी विदेशमा रही आएका एलुम्नाईहरूलाई सदस्य बनाई त्रिवि एलुम्नाई एशोसिएशन नेपालको विभिन्न देशहरूमा विदेश उपसमिति गठन गर्न सकिने, जस्तै : युएसए, क्यानडा, युरोप, पूर्वी एसिया, सार्कदेशहरू आदि । यसको लागि निर्देशिकामा प्रावधान राख्ने ।
  - निर्देशिकाको परिच्छेद ४ को नियम १२ को उपनियम ५ मा त्रिवि एलुम्नाई एशोसिएशन










एलुम्नाई एशोसिएशन नेपालको कार्यालय प्रयोजनको लागि त्रिवि केन्द्रीय कार्यालय परिसरमा रहेको १० रोपनी क्षेत्रफलको जग्गा त्रिविसंग माग गर्ने गरी कार्यकारी परिषद्मा माग गर्न कार्य समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरे बमोजिम मिति ३० श्रावण २०७८ मा बसेको कार्यसमितिको बैठकले निर्णय गरे बमोजिम जग्गा माग गरी मिति २१ भाद्र २०७८ मा कार्यकारी परिषद्मा पत्र पठाइएको ।

- TUAAN को पदाधिकारीहरुको virtual बैठक १८ जेष्ठ २०७७ मा बसी कार्य समितिको बैठक त्रिवि. एलुम्नाईको गतिविधि अघि बढाउन virtual विधिद्वारा पनि कार्यक्रम गर्ने सहमतहरी अनुसार Webinar on "Online Education in TU: Issues and Challenges" जेष्ठ ३१, २०७७ मा सम्पन्न गरिएको ।
- संस्थाको वेबसाइट www.tuaan.edu.np, Facebook page, Facebook Group & Twitter Account खोली सामाजिक सञ्जालहरु मार्फत संस्थाका गतिविधिहरु अध्यावधिक गर्दै सञ्चालनमा ल्याइएको । वेबसाइट मार्फत अनलाइन सदस्यता फाराम भर्ने व्यवस्था मिलाइएको ।

## सहकार्य र साझेदारी सम्बन्धी प्रगति

- उपकुलपति कार्यालयद्वारा मिति २३ मंसिर, २०७७ मा सार्वजनिक गरिएको वर्तमान उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटा को एक वर्षको कार्यकालको अवधिमा विश्वविद्यालयले हासिल गरेको उपलब्धि सम्बन्धी विवरणमा collaborative research का लागि विभिन्न अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग त्रि.वि. एलुम्नाई मार्फत सहकार्य गर्न पत्राचार गरिएको र त्रि.वि. लाई अन्तर्राष्ट्रियकरण गर्दै जानको लागि त्रि.वि. एलुम्नाईसँग सम्बन्ध गरिएको भनी उल्लेखित भएको ।
- २०७७ पौष ६ गते सोमबार आयोजित त्रिभुवन विश्वविद्यालय छयालिसौं दीक्षान्त समारोहमा वर्तमान उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटाको स्वागत मन्तव्यमा त्रि.वि. लाई अन्तर्राष्ट्रियकरण गर्दै लैजान, त्रि.वि. एलुम्नाई एशोसिएशनलाई विश्वविद्यालयको हितमा प्रयोग गर्नु, त्रि.वि. लाई एक स्वतन्त्र, सबल, अनुसन्धानमुखी विश्वविद्यालयको रुपमा विकसित गर्नु आजको आवश्यकता हो भनी उल्लेख गरिएको ।
- TUAAN ले The Small Earth सँगको सहकार्यमा श्रावण २७-३१, २०७६ [12-16 August 2019] सम्म ५ दिने तालिम Graduate Course on Hydrology संचालन गरिएको ।
- जल तथा ऊर्जा आयोगको सचिवालयले 'नेपाल राष्ट्रिय जल तथा मौसम सप्ताह-२०२०' मनाउने सन्दर्भमा आयोजित ६ माघ, २०७६ को बैठकमा TUAAN का अध्यक्ष प्रा.डा. सुनीति श्रेष्ठ (हाडा) ले भाग लिनु भएको ।
- TUAAN ले Global IME Bank सँगको सहकार्यमा पौष २१ गते २०७९ मा Digital Mobile Banking Awareness Program को आयोजना गरिएको छ ।

## त्रि.वि. एलुम्नाई एसोसिएसनको भावी योजना

त्रिविसँग कार्यालय भवन निर्माणार्थ जग्गाको लागि अनुरोध गरिएको र जग्गा उपलब्ध भएपश्चात भवन निर्माणको लागि विभिन्न संघसंस्थाहरुसंग सहकार्य गर्ने गरि अगाडि बढ्ने योजना रहेको छ । यसैगरि विदेशमा बसी आफ्नो पेशामा ख्याती प्राप्त गर्नेलाई सम्मान गर्ने र सदस्य बन्न आग्रह गर्ने । त्रि.वि. आंगिक क्याम्पसहरुमा अनुसन्धानको प्रस्ताव र वैज्ञानिक लेखनका लागि तालिम तथा कार्यशाला गोष्ठी आयोजना गर्ने । विदेशमा बसी शैक्षिक क्षेत्रमा संलग्न भएका TUAAN सदस्यहरुसँग सम्पर्क गरी त्रिवि र सम्बन्धित संस्थाको सहकार्यमा अनुसन्धान गर्ने पहल गर्ने योजनाका साथ TUAAN अगाडीबढी रहेको छ ।

# त्रि.वि. एलुम्नाई एशोसिएशन नेपालको प्रथम साधारण सभा आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन

यस त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशननेपालको प्रथम वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण संस्थागत, आजिवन तथा मानार्थ सदस्य महानुभावहरूलाई हार्दिक स्वागत गर्दै यसले गरेको प्रगति छोटकरीमा यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

**पृष्ठभूमि**

त्रि.वि.बाट स्नातक तह वा सो भन्दा माथिल्लो तह वा उपाधि प्राप्त गरी स्वदेश वा विदेशमा विभिन्न पेशा वा व्यवसाय वा रोजगार गर्दै आएका व्यक्तिहरूलाई आवद्ध गरी त्रि.वि.को हितमा काम गर्न, आपसी सहयोग र सुसम्बन्ध स्थापना गर्न एवं उच्च शिक्षाको अध्ययन, अध्यापन, अनुसन्धान तथा विकास गर्ने उद्धेश्यका साथ त्रि.वि. एलुम्नाई एशोसिएशनको गठन गरिएको हो । वि.सं. २०७३ साल असोज १९ गते वर्तमान उपकुलपति प्रा.डा. तीर्थराज खनियाको प्रेरणात्मक सुझावका कारण विभिन्न क्षेत्र, संकाय र अध्ययन संस्थान समेटिने गरी करीव ५० जनाको सहभागीतामा त्रि.वि. एलुम्नाई एशोसिएशन सम्बन्धि छलफल गरिएको थियो । सो छलफलमा सर्वसम्मतले यसको आवश्यकता ठानी विभिन्न क्षेत्र, संकाय र अध्ययन संस्थानको प्रतिनिधित्व हुने गरी १४ सदस्यीय तदर्थ समिति समेत गठन भएको कुरा सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

**तदर्थ समिति**

विक्रम सम्वत २०७३ साल पौष ८ गते बसेको तदर्थ समितिको बैठकले सर्वसम्मतबाट प्रा.डा. कृष्ण मानन्धरलाई संयोजक चयन गर्नुका साथै चार सदस्यीय त्रि.वि. एलुम्नाई एशोसिएशन विधान मस्यौदा उप समिति गठन गर्‍यो । प्रा.डा. कृष्ण मानन्धरको असामयिक निधन भएका कारण २०७४ साल भाद्र १ गते बसेको तदर्थ समितिले प्रा.डा. सुनिति श्रेष्ठ हाडालाई संयोजक चयन गरिएको कुरा पनि यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

| | |
|---|---|
| १. प्रा.डा. सुनिति श्रेष्ठ हाडा | संयोजक |
| २. प्रा.डा. सुदर्शन राज तिवारी | सदस्य |
| ३. प्रा.डा. तीर्थ प्रसाद मिश्र | सदस्य |
| ४. प्रा.डा. विद्यानाथ कोइराला | सदस्य |
| ५. प्रा. गुणनिधि न्यौपाने | सदस्य |
| ६. प्रा.डा. सन्तोष राजमाझी | सदस्य |
| ७. प्रा.डा. रामेश्वर प्रसाद पोखरेल | सदस्य |
| ८. प्रा.डा. ऋद्दिश कुमार पोखरेल | सदस्य–सचिव |
| ९. डा. कृष्ण काफ्ले | सदस्य |
| १०. श्री गंगा बहादुर थापा | सदस्य |
| ११. श्री अर्जुनकान्त मैनाली | सदस्य |
| १२. श्री आयुष शेरचन | सदस्य |
| १३. डा. महेन्द्र विष्ट | सदस्य |

**त्रि.वि. एलुम्नाई विधान मस्यौदा उप–समिति**

| | |
|---|---|
| १. प्रा.डा. सुनिति श्रेष्ठ हाडा | संयोजक |
| २. प्रा.डा. विद्यानाथ कोइराला | सदस्य |
| ३. प्रा. गुणनिधि न्यौपाने | सदस्य |
| ४. श्री आयुष शेरचन | सदस्य |

विक्रम सम्वत २०७४ साल मंसीर १२ गते त्रि.वि. कार्यकारी परिषद्बाट त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशनको निर्देशिका २०७४ स्वीकृति भए पश्चात २०७४ पौष २१ गते बसेको तदर्थ समितिको बैठकले त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशन निर्देशिका ०७४ को परिच्छेद ४ को १२ (१) अनुसार तदर्थ समितिलाई निम्न अनुसारको तदर्थ कार्य समिति गठन गरियो ।

| | |
|---|---|
| १. प्रा.डा. सुनिति श्रेष्ठ हाडा | अध्यक्ष |
| २. प्रा.डा. सुदर्शन राज तिवारी | उपाध्यक्ष |
| ३. प्रा.डा. ज्ञदिश कुमार पोखरेल | महा–सचिव |
| ४. श्री अर्जुनकान्त मैनाली | सचिव |
| ५. श्री आयुषमान शेरचन | कोषाध्यक्ष |
| ६. प्रा.डा. तीर्थ प्रसाद मिश्र | सदस्य |
| ७. प्रा.डा. विद्यानाथ कोइराला | सदस्य |
| ८. प्रा. गुणनिधि न्यौपाने | सदस्य |
| ९. प्रा.डा. सन्तोष रायमाझी | सदस्य |
| १०. प्रा.डा. रामेश्वर प्रसाद पोखरेल | सदस्य |
| ११. डा. कृष्ण काफ्ले | सदस्य |
| १२. श्री गंगा बहादुर थापा | सदस्य |
| १३. डा. महेन्द्र बिष्ट | सदस्य |

**प्रशासनिक पक्ष**:

त्रिवि. एल्मुनाई एसोसिएसनको कार्यालय त्रिवि केन्द्रीय कार्यालय भवनको दोश्रो तल्लामा अवस्थित छ । तदर्थ कार्य समिति बाहेक त्रिवि सूचना तथा जनसम्पर्क महाशाखाका शाखा अधिकृत श्री नोदनाथ त्रितालले प्रशासनिक कार्यका साथै सम्पर्क व्यक्तिका रुपमा जिम्मेवारी लिई कार्य गर्दै सहयोग पुऱ्याउदै आउनु भएको छ ।

२०७५/४/१६ (अगष्ट १, २०१८) देखि त्रिवि एलुम्नाई एशोसिएशननेपालको वेवसाइट

(www.tuaan.edu.np) सञ्चालनमा आएको छ । सो वेवसाइट निर्माणमा पोखरास्थित सात्रि-ला इनोभेसनका श्री अमृत गुरुङले डोमेन दर्तादेखि सम्पूर्ण प्रक्रियामा नि:शुल्क सहयोग गर्नु भएको समेत यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

**आर्थिक पक्ष**:

हालसम्म त्रिवि. एलुम्नाई एशोसिएशनको संस्थापक सदस्य १४, आजिवन सदस्य १८६ र मानार्थ सदस्य १ गरी जम्मा कायम सदस्य २०१ रहेको छ । २०७४ असोज मसान्तसम्म त्रिवि. एलुम्नाई एशोसिएशनको आम्दानी रू. १,५५,८००।२८ रहेको छ । जसमा सदस्यता शुल्क बापत रू. ९७,५००।–, आर्थिक सहयोग बापत रू. ५८,३००।– र बैंक ब्याज रू. ४३६।२८ रहेको छ । २०७४ साल असार मसान्तसम्मको बैंक मौज्दात हेर्दा रू. ६३,५००।– रहेको देखिन्छ । त्यसैगरी लेटर प्याड/सदस्यता फाराम छपाई रू. १७,१२८।–, परिचय पत्र छपाई रू. ६,८२५।–, छाप रू. ५००।– र करकट्टी रू. ६५।४४ गरी कुल रू. २४,५१८।४४ खर्च भएको छ । भएको खर्च कटाई हाल बैंक मौज्दात रू. १,३१,७१७।८४ रहेको कुरा यस सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

यसैगरी रसिद नं. २८ देखि ३३ सम्म त्रिवि एलुम्नाई एशोसिएशन तदर्थ कार्य समितिका अध्यक्षद्वारा लायन्स क्लब अफ नेपालको कार्यक्रममा वितरण गरिएको सदस्यता शुल्क उठ्न बाँकी रहेको देखिन्छ । उक्त अवसरमा सदस्यता ग्रहण गरेका व्यक्तिहरुले प्रति व्यक्ति रू. १०,५००। का दरले बैंकमा दाखिला गरी दिने प्रतिबद्धता जाहेर गरी सदस्यता ग्रहण गरेकोमा हालसम्म रकम प्राप्त नभएको कुरा पनि यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

**भावी योजना**:

१) त्रिवि एलुम्नाई एशोसिएशनको दश वर्षे रणनितिक योजना तयार गरी अगाडी बढ्ने ।
२) त्रि.वि.सँग जग्गाको लागी अनुरोध गर्ने र आफ्नो भवन निर्माण गर्ने ।
३) लायन्स क्लब अफ नेपालसँग सहकार्य गरी कीर्तिपुरस्थित त्रिवि. केन्द्रीय कार्यालयको परिसरमा विश्वविद्यालय झल्कने गरी Sculpture को निर्माण गर्ने ।
४) विदेशमा बसि आफ्नो क्षेत्रमा ख्याति प्राप्त भएका सदस्यहरुलाई सम्मान गर्ने ।
५) त्रि.वि.का आंगिक क्याम्पसहरुमा अनुसन्धानको प्रस्ताव र वैज्ञानिक लेखनका लागि तालीम तथा कार्यशाला गोष्ठी आयोजना गर्ने ।

*प्रस्तुतकर्ता :*

*प्रा.डा. ज्ञदिश कुमार पोखरेल*
*महा-सचिव*

# त्रि.वि. एलुम्नाई एशोसिएशन नेपालको दोस्रो साधारण सभा आ.व. २०७५/०७६ देखि २०७७/०७८ को वार्षिक प्रतिवेदन

यस त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशन नेपालको दोस्रो वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण संस्थागत, आजिवन तथा मानार्थ सदस्य महानुभावहरूलाई हार्दिक स्वागत गर्दै यसले गरेको प्रगति छोटकरीमा यस सम्मानित सभामा प्रस्तुतगर्न चाहन्छु ।

**पृष्ठभूमि**:

त्रि.विवाट स्नातक तह वा सोभन्दा माथिल्लो तह वा उपाधि प्राप्त गरी स्वदेश वा विदेशमा विभिन्न पेशा वा व्यवसाय वा रोजगार गर्दै आएका व्यक्तिहरूलाई आवद्ध गरी त्रि.विको हितमा काम गर्न, आपसी सहयोग र सुसम्बन्ध स्थापना गर्न एवं उच्च शिक्षाको अध्ययन, अध्यापन, अनुसन्धान तथा विकास गर्ने उद्धेश्यका साथ त्रि.वि. एल्मुनाई एसोसिएसनको गठन गरिएको हो । वि.सं. २०७३ साल असोज १९ गते निवर्तमान उपकुलपति प्रा.डा. तीर्थराज खनियाको मार्ग निर्देशन र प्रेरणात्मक सुभावका कारण विभिन्न क्षेत्र, संकाय र अध्ययन संस्थान समेटिने गरी करीव ५० जनाको सहभागितामा त्रि.वि. एलुम्नाई एशोसिएशन सम्वन्धि छलफल गरिएको थियो । सो छलफलमा सर्वसम्मतले यसको आवश्यकता ठानी विभिन्न क्षेत्र, संकाय र अध्ययन संस्थानको प्रतिनिधित्व हुने गरी १४ सदस्यीय तदर्थ समिति समेत गठन भएको कुरा सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

विक्रम सम्वत २०७३ साल पौष ८ गते वसेको तदर्थ समितिको बैठकले सर्वसम्मतवाट प्रा.डा. कृष्ण मानन्धरलाई संयोजक चयन गर्नुका साथै चार सदस्यीय त्रि.वि. एलुम्नाई एशोसिएशन विधान मस्यौदा उप समिति गठन गर्‍यो । प्रा.डा. कृष्ण मानन्धरको असामयिक निधन भएका कारण २०७४ साल भाद्र १ गते वसेको तदर्थ समितिले प्रा.डा. सुनिति श्रेष्ठ हाडालाई संयोजक चयन गरिएको कुरा पनि यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

विक्रम सम्वत २०७४ साल मंसीर १२ गते त्रि.वि. कार्यकारी परिषद्वाट त्रिभुवन विश्वविद्यालय एलुम्नाई एशोसिएशनको निर्देशिका २०७४ स्वीकृति भए पश्चात २०७४ पौष २१ गते वसेको तदर्थ समितिको बैठकले त्रिभुवन विश्वविद्यालय एल्मुनाई एसोसिएसन निर्देशिका २०७४ को परिच्छेद ४ को १२ (१) अनुसार तदर्थ समितिलाई तदर्थ कार्य समिति गठन गर्‍यो र विक्रम सम्वत २०७५ साल पौष २१ गते शनिबारका दिन बसेको त्रि.वि. एलुम्नाई एशोसिएशन नेपालको प्रथम साधारण सभाले यस संस्थाको निम्नअनुसारको २७

| क्र. सं. | सदस्यता नं. | पद | नाम थर |
|---|---|---|---|
| १. | ४ | अध्यक्ष | प्रा.डा. सुनिति श्रेष्ठ हाडा |
| २. | ३८ | उपाध्यक्ष | प्रा.डा. सुदर्शनराज तिवारी |
| ३. | ६ | महा–सचिव | प्रा.डा. ऋदिश कुमार पोखरेल |
| ४. | ५ | सचिव | श्री अर्जुनकान्त मैनाली |
| ५. | ६६ | कोषाध्यक्ष | डा. कुश्मिला आचार्य |

| | | | |
|---|---|---|---|
| ६. | १२ | सदस्य | प्रा.डा. सन्तोष रायमाझी |
| ७. | २२ | सदस्य | डा. रामचन्द्र पोखरेल |
| ८. | ३७ | सदस्य | श्री कमल घिमिरे |
| ९. | ४७ | सदस्य | प्रा.डा. रामप्रसाद खतिवडा |
| १०. | ५० | सदस्य | प्रा.डा शंकरप्रसाद खनाल |
| ११. | ५५ | सदस्य | श्री निर्जा पोखरेल |
| १२. | ५७ | सदस्य | श्री नन्दकिशोर कुमार सिंह |
| १३. | ५९ | सदस्य | श्री सुर्यप्रसाद अधिकारी |
| १४. | ६९ | सदस्य | प्रा.डा. चन्द्रलाल श्रेष्ठ |
| १५. | ७८ | सदस्य | डा. सीता शिवाकोटी ओली |
| १६. | ७९ | सदस्य | प्रा.डा. मोहनप्रसाद पन्थी |
| १७. | ९३ | सदस्य | श्री गंगा बहादुर मगर |
| १८. | ९४ | सदस्य | प्रा. गुणनिधि न्यौपाने |
| १९. | ९९ | सदस्य | प्रा.डा. रामकैलाश यादव |
| २०. | १०४ | सदस्य | डा. अरुणकुमार ठाकुर |
| २१. | १४२ | सदस्य | श्री जगतकृष्ण पोखेल |
| २२. | १४३ | सदस्य | डा. विजयलाल प्रधान |
| २३. | १७१ | सदस्य | प्रा.डा. ताराप्रसाद सापकोटा |
| २४. | १७३ | सदस्य | श्री पुरुषोत्तम उपाध्याय |
| २५. | १८० | सदस्य | श्री रविचन्द्र पराजुली |
| २६. | १९९ | सदस्य | डा. धीरज प्रधानाङ्ग |
| २७. | २०१ | सदस्य | प्रा.डा. तीर्थप्रसाद मिश्र |

सदस्यीय निर्वाचित कार्य समिति गठन भएको व्यहोरा समेत यस सम्मानिय सभालाई जानकारी गराउन चाहन्छु ।

## निर्वाचित कार्य समिति पश्चात भएका गतिविधिहरू

विश्वव्यापी Covid-19 को महामारीबाट नेपाल पनि अछुतो रहेन । सो महामारीको कारण त्रिवि एलुम्नाई एशोसिएशन नेपालले सोचे अनुरुप कार्य अगाडि बढाउन नसके पनि केही गतिविधिहरू बढाएको छ ।

कार्यक्रममा संस्थाका महासचिव प्रा.डा. ऋषिकेशकुमार पोखरेलले वार्षिक प्रतिवेदन र र कोषाध्यक्ष डा कुश्मिला आचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उपाध्यक्ष प्रा.डा. सुदर्शनराज तिवारीले सहभागीहरुलाई स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन सचिवालयका तर्फबाट नन्दनाथ घितालले गर्नुभएको थियो ।

# विश्व वैज्ञानिक सर्वेक्षण-२०२२ मा एलुम्नाई एशोसिएशनका महासचिव सहित २१ प्राध्यापक सूचीकृत

विश्व वैज्ञानिक र विश्वविद्यालय वरियता २०२२ को २०७८ माघ १७ गते प्रकाशित नतिजामा त्रिवि एलुम्नाई एशोसिएशन नेपालका महासचिव प्राडा. ज्योतिशकुमार पोखरेलसहित नेपालको पुरानो त्रिभुवन विश्वविद्यालयका २१ प्राध्यापकहरू सूचीकृत भएका छन् । सूचीकृत प्राध्यापकहरूमध्ये महासचिव पोखरेल १९ औं वरियतामा पर्नुभएको छ । यो नतिजा एडि साइन्टिफिक इन्डेक्स् संस्थाले सार्वजनिक गरेको हो ।

नेपालको वरियता क्रममा पहिलो नम्बरमा नानो साइन्स र नानो प्रविधिका प्राध्यापक हेमराज पन्त रहेका छन् । उनले वैज्ञानिक लेख रचनाको साइटेशनको आधारमा गरिएको मुल्यांकनमा नेपालको पहिलो, क्षेत्रीय रुपमा एशियाको १७ हजार ५१ औं स्थानमा र विश्व वरियतामा ८२ हजार नौ औं स्थानमा परेका छन् ।

त्यसैगरी नेपालको वरियतामा दोस्रो, तेस्रो, चौथो र पाँचौं वरियतामा क्रमशः मेडिकल हेल्थ साइन्सका प्राध्यापक रन्जित साह र प्राध्यापक खेमबहादुर कार्की, इन्जिनियरिङ् र प्रविधि अन्तरगतको वातावरणीय विज्ञान र प्रविधिका प्राध्यापक रामकुमार शर्मा र कम्प्युटर विज्ञानका प्राध्यापक सुवर्ण शाक्य सूचीमा परेका छन् । छैटौं नम्बरमा महिला वैज्ञानिक सिभिल इन्जिनियर मीनु श्रेष्ठको नाम रहेको छ भने अन्य वैज्ञानिकहरूमा इनर्जी इन्जिनियरिङ्का प्राध्यापक अजयकुमार झा, वातावरण विज्ञान र इन्जिनियरिङ्का प्राध्यापक नरेन्द्र मान शाक्य, मेडिकल हेल्थ साइन्सका प्राध्यापक बिजेन कुमार यादव र प्राध्यापक प्रमोद पौड्याल, कृषि र वन विज्ञान अन्तरगत वन विज्ञान अध्ययन संस्थानका प्राडा ज्योतिशकुमार पौडेल, मेकानिकल इन्जिनियरिङ्का प्राध्यापक शिरल बज्राचार्य, मेडिकल तथा हेल्थ साइन्सका प्राध्यापक योगेन्द्र प्रसाद सिंह, ज्योलोजिकल इन्जिनियरिङ्का प्राध्यापक नारायण प्रसाद पराजुली, व्यापार र व्यवस्थापन अन्तरगत सार्वजनिक प्रशासनका प्राध्यापक रतन पौडेल, न्युट्रिशनका चिकित्सा प्राध्यापक पनिलमान सिंह प्रधान, फिजिक्सका प्राध्यापक भरत पौडेल, इन्जिनियरिङ्का प्राध्यापक दर्शनराज अधिकारी, चिकित्सक प्राध्यापक विष्णुप्रसाद चौलागाईं, इनर्जी इन्जिनियरिङ्का प्राध्यापक शीराज शाक्य र कृषि र वन विज्ञान अन्तरगत कृषि वैज्ञानिक प्राध्यापक पुष्प पौडेल क्रमशः नेपालभित्रको वरियता सूचीमा रहनु भएको छ । यो सर्वेक्षणले वैज्ञानिकहरूबाट अन्तर्राष्ट्रिय स्तरमा लेखिएका जर्नल लेखहरूको साइटेशनको विगत पाँच र तीन वर्षको अवस्था सर्वेक्षण गरी नतिजा सार्वजनिक गरिएको बताइएको छ ।

# जल संरक्षणमा महिला र परम्परागत ज्ञानको महत्वबारे अन्तरक्रिया सम्पन्न

अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा त्रिवि एलुम्नाई एसोसिएशन नेपाल तथा ग्लोबल अर्थ नेपाल र युनेस्को नेपालको संयुक्त आयोजनामा जल संरक्षणमा महिला र परम्परागत ज्ञानको महत्वबारे जुम प्रविधिमा भर्चुअल अन्तरक्रिया कार्यक्रम २०७८ फागुन २५ गते सम्पन्न भएको छ ।

कार्यक्रममा अमेरिकाबाट सह प्राध्यापक तोनी मुल्मी प्रधानाङ्गले जलका क्षेत्रमा महिला विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने त्रिविका प्राध्यापक एवम् संस्थाका उपाध्यक्ष डा. सुदर्शनराज तिवारीले काठमाडौं उपत्यकामा परम्परागत हुँदै पानी वितरणसम्बन्धी व्यवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा सहभागीहरू युनेस्को नेपाल कार्यालयका प्रमुख माइकल क्रोफ्ट, अनिल पोखरेल र प्रकृति गुरुङ लगायतले कार्यपत्रहरूमाथि टिप्पणी एवम् सुझावहरू प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा महिलाहरूको भूमिका र जिम्मेवारी गहन हुने हुँदा परम्परागत ज्ञानको संरक्षण गर्दै जल संरक्षणमा समेत महिलाहरूको महत्वपूर्ण भूमिका रहने कुराको चर्चा गरिएको थियो । कार्यक्रमको सहजीकरण संस्थाका कार्यकारी सदस्य डा. धीरज प्रधानाङ्गले गर्नुभएको थियो भने कार्यक्रमको उद्देश्य र औचित्यमाथि संस्थाका महासचिव प्राडा. ज्योतिशकुमार पोखरेलले प्रकाश पार्नुभएको थियो । कार्यक्रममा सहभागीहरूलाई धन्यवाद ज्ञापन सहित संस्थाका अध्यक्ष प्राडा. सुनीति श्रेष्ठ हाडाले कार्यक्रमको समापन गर्नुभएको थियो ।

# त्रिवि एलुम्नाई एशोसिएशन नेपालको निर्देशिका-२०७४

## त्रिभुवन विश्वविद्यालय एल्मुनाई एसोसिएसनको
## निर्देशिका २०७४

**प्रस्तावना**

त्रिभुवन विश्वविद्यालयबाट स्नातक वा सोभन्दा माथिल्लो तह वा उपाधि प्राप्त गरी स्वदेश तथा विदेशमा विभिन्न पेशा वा व्यवसाय वा रोजगार गर्दै आएका व्यक्तिहरु देशको ठूलो तथा पुरानो विश्वविद्यालयको हितमा काम गर्न, आपसी सहयोग र सुसम्बन्ध स्थापना गर्न एवं उच्च शिक्षाको अध्ययन, अध्यापन अनुसन्धान तथा विकासका लागि यस क्षेत्रको विस्तार गर्न तथा अनुसन्धान कार्य प्रभावकारी बनाउने कार्यमा सबैलाई सक्रिय सहभागी बनाई विश्वविद्यालयलाई ठोस योगदान दिन विश्वविद्यालयका पूर्व विद्यार्थीहरु संगठित हुनुपर्ने आवश्यकतालाई विश्वविद्यालयले महसुस गरी त्रिभुवन विश्वविद्यालय एल्मुनाई एसोसिएसन २०७४ स्थापना गरी सोलाई सञ्चालन गर्न निर्देशिका बनाउन आवश्यक देखिएकोले कार्यकारी परिषद्ले यो निर्देशिका बनाएको छ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. **संस्थाको नाम :**
यस संस्थाको नाम "त्रिभुवन विश्वविद्यालय एल्मुनाई एसोसिएसन, नेपाल" रहनेछ। अंग्रेजीमा TRIBHUVAN UNIVERSITY ALUMNI ASSOCIATION, NEPAL रहने छ। छोटकरीमा टियुएएन (TUAAN) भनिनेछ ।
(क) संस्थाको कार्यालय रहने ठेगाना : संस्थाको कार्यालय त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय, कीर्तिपुर परिसरमा रहनेछ ।
(ख) संस्थाको कार्य क्षेत्र : संस्थाको कार्य क्षेत्र नेपाल राज्य तथा विदेशमा रहनेछ।
(ग) प्रारम्भ : यो निर्देशिका कार्यकारी परिषद्बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।
(घ) संस्थाको अस्तित्व : संस्था एक गैर नाफामूलक, गैर राजनैतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :
(क) "परिषद्" भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद् सम्झनु पर्छ ।
(ख) "निर्देशिका" भन्नाले "त्रिभुवन विश्वविद्यालय एल्मुनाई एसोसिएसन, नेपाल" को निर्देशिकालाई सम्झनु पर्छ ।
(ग) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालयलाई सम्झनु पर्छ ।
(घ) "संस्था" भन्नाले "त्रिभुवन विश्वविद्यालय एल्मुनाई एसोसिएसन, नेपाल" लाई सम्झनु पर्छ ।
(ङ) "समिति" भन्नाले निर्देशिकाको दफा १३ बमोजिम गठन भएको कार्य समितिलाई सम्झनु पर्छ ।
(च) "सम्मेलन" भन्नाले निर्देशिकामा उल्लेख भए बमोजिम हुने राष्ट्रिय सम्मेलनलाई सम्झनु पर्छ ।
(छ) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्छ ।
(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले निर्देशिकामा तोकिएको वा तोकिए बमोजिमको प्रावधानलाई जनाउने छ ।

३. **संस्थाको छाप र चिह्न :** त्रिभुवन विश्वविद्यालय ऐन, नियम र प्रचलित कानूनको प्रतिकूल नहुने गरी निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा संस्थाको एउटा छुट्टै छाप र चिह्न हुनेछ ।

## परिच्छेद-२
## उद्देश्य

४. **संस्थाको उद्देश्य :**
संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :
(क) संस्था मुनाफा रहित हुनेछ ।
(ख) शैक्षिक गुणस्तर तथा अनुसन्धानको निम्ति प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग गर्ने गराउने ।
(ग) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्न र दिगो बनाउन सदस्यहरुको क्षमता उपयोग गर्ने ।
(घ) प्राज्ञिक व्यक्तित्व भएका व्यक्तिहरुको पहिचान गरी तिनीहरुको ज्ञान, शीपको प्रयोग गरी प्राज्ञिक उन्नयनमा लगाउने ।
(ङ) सामाजिक महत्वको विषयमा जागरुक बनाउनुका साथै राष्ट्रिय र सामाजिक उत्तरदायित्व बढाउन सदस्यहरु बीच छलफल आदान प्रदान गर्ने र तत् सम्बन्धमा कार्य गर्नु गराउनुका साथै विद्यार्थी र समाजका विभिन्न वर्गसँग समन्वय गरी कार्य गर्ने ।
(च) सदस्यहरु बीच सद्भाव बढाउन तथा दिगो बनाउन एक महत्वपुर्ण फोरम स्थापना गर्ने ।

५. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :**
संस्थाको उद्देश्य प्राप्त गर्नका लागि देहाय बमोजिमका कार्यहरु गरिनेछ :
(क) संस्थालाई आवश्यक पर्ने भवन भाडामा वा निर्माण गरी आवश्यक पर्ने टेलिफोन, कम्प्युटर, फ्याक्स, फर्निचर, सवारी साधन आदि सामानहरु खरिद वा भाडामा लिई प्रयोग गर्नेछ ।
(ख) संस्थालाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्त गर्ने तथा निजहरुको सेवा शर्त निर्धारण गर्ने ।
(ग) संस्थाको उद्देश्य कार्यान्वयनको लागि गोष्ठी सेमिनार भेला छलफल आदि कार्य गर्नुका अतिरिक्त अन्य संघ संस्था एवं सम्बन्धित दाताहरु, सरकारी निकायसंग समन्वय गरी कार्य गर्ने ।
(घ) सरकारी, गैरसरकारी तथा स्वदेशी विदेशी संघ संस्थाहरुको समन्वयमा आवश्यक सहयोग आदन प्रदान गरी उपलब्धिमूलक क्रियाकलापहरु गर्ने ।
(ङ) सदस्यहरुको सम्बन्ध विश्वविद्यालयसँग जोड्ने र एकअर्कावीच सहयोगको आदान प्रदान गर्ने ।
(च) विश्वविद्यालयको विकास र संरक्षणका लागि सदस्यहरुको बढी भन्दा बढी उपयोग गर्ने ।

## परिच्छेद-३
## सदस्यता

६. **सदस्यहरुको वर्गीकरण :** संस्थामा देहाय बमोजिम ४ प्रकारका सदस्यहरु रहने छन् :
(क) साधारण सदस्य :
निर्देशिकाको दफा ७ बमोजिम योग्यता पुगेको प्राज्ञिक तथा अनुसन्धान र समाजसेवामा रुचि भएका नेपाली नागरिकले तोकिएको प्रकिया अन्तर्गत आवेदन भरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।
(ख) संस्थापक सदस्य :
संस्था स्थापनाको लागि निर्देशिकामा उल्लेखित पदाधिकारीहरु संस्थापक सदस्य

हुनेछन्। तर संस्थापक सदस्यहरुले समेत संस्थाको साधारण वा आजीवन सदस्यता लिएर निर्देशिका बमोजिम शुल्क बुझाउनु पर्नेछ।

(ग) आजीवन सदस्य :
संस्थाको विकासको लागि विशेष योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रियाको अधिनमा रही आजीवन सदस्यता प्रदान गरिने छ।

(घ) मानार्थ सदस्य :
संस्थाले उपयुक्त ठहर गरेको समाजसेवी तथा प्रतिष्ठित स्वदेशी तथा विदेशी नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ। तर मानार्थ सदस्यहरुको मताधिकार भने रहने छैन।

७. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :** संस्थाको सदस्यता प्राप्तिको लागि निम्न बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(क) विश्वविद्यालयबाट डि.लिट, पोष्टडक, पिएच. डि., एमफिल, मास्टर डिग्री र स्नातक गरेका व्यक्तिहरु संस्थाको साधारण सदस्य र आजीवन सदस्य हुन सक्नेछन्। तर विश्वविद्यालयबाट प्रविणता प्रमाण पत्र तह हटाउनुभन्दा अघि त्यस्तो प्रविणता प्रमाणपत्र तह पास गरेको व्यक्ति समेतले संस्थाको साधारण सदस्यता प्राप्त गर्न सक्नेछन्।

(ख) मानसिक अवस्था ठिक भएको।

(ग) सार्वजनिक सम्पत्ति हिनामिना नगरेको।

(घ) नैतिक पतन देखिने फौज्दारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको।

८. **सदस्यताको समाप्ति :**

१. देहायको अवस्थामा कुनै पनि व्यक्तिको सदस्यता समाप्त हुने छ :

(क) निर्देशिकाको दफा ६ र ७ बमोजिम सदस्यता प्राप्त गर्न नसक्ने व्यक्तिले सदस्यता प्राप्त गरेको अवस्था भएमा।

(ख) राष्ट्रिय सम्मेलनमा उपस्थित सदस्यहरुको ७५% बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा।

(घ) संस्थाको काम कारवाहीमा बेइमान वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा

(ङ) निर्देशिका बमोजिम संस्थाका सदस्यहरुले गर्न नहुने भनी संस्थाले तोकेको कुनै कार्य गरेमा,

(च) सदस्यता शुल्क बुझाउन बाँकी राखेमा।

(छ) कार्यकारी परिषद्ले संस्था खारेज गर्ने निर्णय गरेमा।

९. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने कार्यविधि :** निर्देशिकाको दफा ६ बमोजिमका सदस्यहरुले देहाय बमोजिमका प्रावधान अनुरुप प्रक्रिया पूरा भई शुल्क तिरेपछि सदस्य प्राप्त गर्न सक्नेछन्।

१. साधारण सदस्य :

(क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु.१००।- र वार्षिक शुल्क बापत रु.५०।- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्ने व्यक्तिलाई कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ।

(ख) साधारण सदस्यता प्राप्त गर्ने व्यक्तिले वार्षिक नविकरण शुल्क रु.५०।- बुझाउनु पर्नेछ।

(ग) साधारण सदस्यता प्राप्त गर्ने प्रत्येक सदस्यले प्रत्येक वर्ष श्रावण मसान्तभित्र नविकरण गराई सक्नु पर्नेछ ।

२. संस्थापक सदस्य :

(क) कार्यकारी परिषद्बाट निर्देशिका स्वीकृती गर्दाको अवस्थामा तदर्थ समितिको पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन ।

(ख) संस्थापक सदस्यहरुले निर्देशिकामा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्यता वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछ ।

३. आजीवन सदस्य : संस्थालाई एकमुष्ठ रु.५००१- बुझाई आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४. मानार्थ सदस्य : राष्ट्रिय सम्मेलनको निर्णयले उपयुक्त ठानेको कुनै पनि व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

५. आवेदकलाई सदस्यता प्रदान नगर्ने निर्णय भएमा सो को कारण सहितको जानकारी आवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद-४
## राष्ट्रिय सम्मेलन, कार्य समितिको गठन र बैठक सम्बन्धी व्यवस्था

१०. **राष्ट्रिय सम्मेलनको गठन** : निर्देशिकाको दफा ७ अनुरुप सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सम्पूर्ण सदस्यहरु सहितको राष्ट्रिय सम्मेलन हुनेछ । मानार्थ सदस्यहरु सम्मेलनमा आमन्त्रित सदस्यको रुपमा रहने छन् । साथै राष्ट्रिय सम्मेलन संस्थाको सर्वोच्च अंग हुनेछ ।

१. संस्थाको राष्ट्रिय सम्मेलन देहाय बमोजिम हुनेछ :

(क) वार्षिक राष्ट्रिय सम्मेलन :वर्षको एक पटक राष्ट्रिय सम्मेलन हुनेछ ।

(ख) संस्थाको प्रथम राष्ट्रिय सम्मेलन संस्था स्थापना भएको मितिले ६ महिनाभित्र गर्नुपर्नेछ ।

(ग) संस्थाको राष्ट्रिय सम्मेलन गर्नको लागि घटिमा १५ दिन अगावै सम्मेलन हुने स्थान मिति समय र छलफल गर्ने विषयहरु खोली सबै संस्थाका सदस्यहरुलाई अनिवार्य रुपमा सूचना दिनु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलाइएको राष्ट्रिय सम्मेलन निर्देशिकाको दफा १७ बमोजिम गणपूरक संख्या नपुगी सम्मेलन हुन नसकेमा घटीमा ७ दिनको म्याद दिई पुन: राष्ट्रिय सम्मेलन बोलाउने छ ।

(ङ) राष्ट्रिय सम्मेलनबाट भएका निर्णहरुको निर्णय पुस्तिका राखिनेछ ।

११. **राष्ट्रिय सम्मेलनको काम, कर्तव्य र अधिकार :**

(क) कार्य समितिले पेश गरेको योजना र वार्षिक बजेट पारित गर्ने ।

(ख) वार्षिक लेखा परिक्षण प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट देखिए अनियमित बेरुजु रकमहरुमाथि छलफल अनियमित रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नका लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखा परिक्षण नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(घ) संस्थाको वार्षिक प्रगती विवरण र संस्थाले गरेका कार्यहरुको मुल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) कार्य समितिका पदाधिकारीहरुको पदावधि समाप्त भएपछि निर्वाचन निर्देशिका बमोजिम निर्वाचन गर्ने ।

(च) कार्य समितिबाट पेश भएका निर्देशिका संशोधन प्रस्ताव पारित गरी स्वीकृतिको लागि परिषद्मा सिफारिस गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका कार्यहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारी दरबन्दी पारिश्रमिक तथा अन्य सेवा शर्त आवश्यकता अनुरुप स्वीकृत गर्ने ।

१२. **कार्य समितिको गठन :**

१. संस्थाका सदस्यहरुमध्ये राष्ट्रिय सम्मेलनबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी २७ सदस्यीय एक कार्य समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | - | १ |
| उपाध्यक्ष | - | १ |
| महासचिव | - | १ |
| सचिव | - | १ |
| कोषाध्यक्ष | - | १ |
| सदस्यहरु | - | २२ |

तर संस्थाको प्रथम राष्ट्रिय सम्मेलन भएर निर्वाचित कार्यसमितिको गठन नभएसम्म देहाय बमोजिमको तदर्थ कार्यसमिति गठन गरिएको हुंदा सोही कार्य समितिले कार्य गर्नेछ ।

**तदर्थ कार्य समिति :**

अध्यक्ष
उपाध्यक्ष
महासचिव
सचिव
कोषाध्यक्ष
सदस्यहरु

२. कार्य समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

३. राष्ट्रिय सम्मेलन हुनुभन्दा अगाडि कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि रिक्त सदस्यको पदपुर्ती कार्य समितिद्वारा गर्न सकिने छ। मनोनित भएको व्यक्तिको कार्यकाल रिक्त भएको सदस्यको बाँकी रहेको कार्यकाल सम्मको लागि मात्र हुनेछ। तर अन्य पदको लागि निर्देशिका बमोजिम बाँकी अवधिको लागि निर्वाचन प्रक्रियाद्वारा पुरा गरिने छ ।

४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ। तर कार्य समितिका ५१% पदाधिकारीले बैठक बोलाउन माग गरेमा अध्यक्षले तिन दिन भित्र कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

५. कार्य समितिको कुल पदाधिकारीहरुको ५१% पदाधिकारीको उपस्थिति नभै कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको समेत अनुपस्थितिमा उमेरको आधारमा जेष्ठ सदस्यले गर्ने छ ।

७. कार्य समितिमा बहुमतको निर्णय मान्य हुने र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

८. कार्य समितिको बैठकमा छलफल भएका विषयहरुको छुट्टै निर्णय किताब राखिनेछ र सो विवरणमा उपस्थित सम्पूर्ण सदस्यले सहि गर्नुपर्ने छ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सहि गर्नुपर्नेछ ।
९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।
१०. यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कार्यमा कार्य समितिका सम्पूर्ण पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो कार्य बैठक बिना पनि गर्न सकिने छ र त्यस्तो सहमतीलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१३. कार्य समितिको काम कर्तव्य र अधिकार :**

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको कार्यक्रम र अनुमानित बजेट राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्ने ।
२. राष्ट्रिय सम्मेलनको निर्णय कार्यान्वयन गराउने ।
३. संस्थाको हितमा हुने उद्देश्य अनुरुपका कार्यक्रमहरु संचालन गर्ने ।
४. संस्थाको उद्देश्य प्राप्तिको लागि उपलब्ध श्रोत र साधनको अधिकतम उपभोग र प्रयोग गर्ने ।
५. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने श्रोत जुटाउने एवं कार्य गर्न सुपरिवेक्षण र अनुसन्धान गर्ने ।
६. संस्थाको कोष र सम्पत्ति सुरक्षित राख्ने एवं बैंक खाता खोली संचालन गर्ने ।
७. संस्थाको कर्मचारीहरुको सेवा शर्त सुविधा आदि बारेमा कर्मचारी निर्देशिका बनाई राष्ट्रिय सम्मेलनबाट स्वीकृत गराई लागू गर्ने ।
८. संस्थाको उद्देश्य कार्यान्वयनका लागि उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति एवं उपसमिति गठन गर्ने तथा आवश्यकता अनुरुप कार्यको बाँडफाँड गर्ने ।
९. संस्थाको नेतृत्वदायी भूमिका वहन गर्ने ।

**१४. पद त्याग गर्न सक्ने :**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

**१५. अन्य समितिहरु :**

१. यस निर्देशिकाको प्रावधान भित्र रही संस्थाको कार्य संचालनको लागि आवश्यकता अनुरुप कार्यसमितिले अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्नेछ । तर सो गठन भएका समिति उप-समितिहरु राष्ट्रिय सम्मेलनबाट अनुमोदन गराउनु पर्नेछ ।
२. उप-समितिको कार्यकाल र कार्यहरु कार्य समितिले तोकि दिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

१६. कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) कार्य समितिको अध्यक्षता गर्ने र बैठक संचालन गर्ने ।
(ख) निर्णायक मत दिने ।
(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने र प्रतिनिधि तोक्ने ।
(घ) संस्थाको नेतृत्व वहन गर्ने ।
(ङ) आवश्यकता अनुसार बैठक बोलाउन महासचिवलाई निर्देशन दिने ।
(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(छ) अभिलेख प्रमाणित गर्ने एवं अन्य आवश्यक काम कारबाही गर्ने ।

**२. उपाध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने ।

**३. महासचिवको काम कर्तव्य र अधिकार :**

(क) संस्थाको कार्यालयको रेखदेख र संचालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**४. सचिवको काम कर्तव्य र अधिकार :**

((क) महासचिवलाई सहयोग गर्ने ।

(ख) महासचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।

(ग) महासचिवको अनुपस्थितिमा निजको काम गर्ने ।

४. कोषाध्यक्षको काम कर्तव्य र अधिकार :

(क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

(ख) राष्ट्रिय सम्मेलनमा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने ।

(घ) नियमित रुपमा वार्षिक लेखा परिक्षण गराउने ।

(ङ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**५. सदस्यहरुको काम कर्तव्य र अधिकार :**

(क) कार्य समितिको बैठकमा नियमित उपस्थित हुने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

(ग) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**१७. गणपूरक संख्या :**

१. संस्थाको कुल सदस्य संख्याको ६० प्रतिशत सदस्यहरुको उपस्थित नभई राष्ट्रिय सम्मेलन हुन सक्ने छैन ।

२. तर निर्देशिकाको दफा ११ को खण्ड (ग) मा उल्लेख भए अनुरुप पुन बोलाइएको राष्ट्रिय सम्मेलनमा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा राष्ट्रिय सम्मेलन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६
## आर्थिक व्यवस्था :

**१८. संस्थाको कोष :**

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् ।

(क) सदस्यता बापत प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

(ख) कसैले स्वेच्छाले दिएको अनुदान तथा सहायता बापत प्राप्त रकम ।

(ग) संस्थाको चल अचल सम्पत्ति को बिक्रीबाट प्राप्त रकम ।

(घ) कार्यकारी परिषद्को स्वीकृतिमा विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम ।

(ङ) नेपाल सरकार एवं नेपाल सरकारका मातहतका निकायबाट अनुदान एवं सहयोग प्राप्त रकम ।

(च) संस्थाका सदस्यहरुबाट कुनै निश्चित कामको लागि संकलन भएको रकम ।
२. संस्थालाई प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

१९. **बैंक खाता संचालन :** संस्थाको बैंक तथा वित्तीय संस्थामा खाता अध्यक्ष, महासचिव र कोषाध्यक्षको नामबाट खाता खोलिनेछ र कोषाध्यक्षको अनिवार्य हस्ताक्षर सहित कुनै एक जना गरी दुईजनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । संस्थाको रकम प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गर्नु पर्नेछ ।

२०. **कोषको रकम खर्च गर्ने प्रावधान :**
संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको प्रावधान अपनाई खर्च गर्नु पर्नेछ ।
(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन
(ख) राष्ट्रिय सम्मेलनबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।
(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन राष्ट्रिय सम्मेलनमा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।
(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

२१. **संस्थाको लेखा र लेखा परिक्षण :**
१. प्रचलित कानून बमोजिम संस्थाको आय व्यय र लेखा स्पष्ट रुपमा राखिनेछ ।
२. संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट गराउनु पर्नेछ ।
३. त्रिभुवन विश्वविद्यालयले चाहेमा जुनसुकै बखतमा पनि संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्ने छ ।
४. लेखा परिक्षकको नियुक्ति राष्ट्रिय सम्मेलनबाट हुने छ । तर प्रथम राष्ट्रिय सम्मेलन नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिले गर्नेछ ।
५. संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगती विवरणको १।१ प्रति त्रिभुवन विश्वविद्यालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-७
## निर्वाचन अविश्वासको प्रस्ताव र निर्देशिका संशोधन सम्बन्धी प्रावधान

२२. **निर्वाचन सम्बन्धी व्यवस्था :**
१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ५ जनाको एक निर्वाचन समितिको गठन कार्य समितिले गर्नेछ ।
२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्य विधि आफै निर्धारण गर्नेछ ।
३. निर्वाचन सम्बन्धी कुनै विवाद भएमा सो उपर निर्वाचन समितिले नै निर्णय गर्ने छ र सो निर्णय नै अन्तिम निर्णय हुनेछ ।
४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वत: विघटन हुनेछ ।
५. निर्विरोध र सर्वसम्मतिबाट कार्य समिति चयन भएमा माथि उल्लेखित कुनै पनि प्रक्रिया अवलम्बन गर्नुपर्ने छैन ।

२३. **उम्मेदवार हुन योग्यता :**
कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्छ ।
(क) परिच्छेद ३ को दफा ७ बमोजिमको योग्यता पुगेको व्यक्ति ।

(ख) संस्थाको साधारण सदस्य भई कम्तिमा १ वर्ष कार्यकाल पुरा गरेको व्यक्ति ।

२४. **अविश्वासको प्रस्ताव :** (१) अविश्वासको प्रस्ताव लिखित रुपमा जुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्‍याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

(ग) सदस्यहरु मध्येबाट कम्तिमा $^1/_4$ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई हस्ताक्षर भएको हुनु पर्छ ।

२. उपदफा (१) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई राष्ट्रिय सम्मेलन वा विशेष राष्ट्रिय सम्मेलन बस्ने स्थान मिति समय समेत तोकी संस्थाको सम्पूर्ण पदाधिकारीहरु र सदस्यहरुलाई निर्देशिकाको दफा ११(ख) बमोजिम सभा बस्ने सुचना दिनु पर्नेछ ।

३. अविश्वासको प्रस्ताव उपर छलफल गर्ने प्रक्रिया:

(क) राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्ने व्यक्तिले दफा २५ को उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिने छ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

(ख) दफा २५ को उपदफा (३) को खण्ड (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षमा आफ्नो अभिमत प्रस्तुत गरे पछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमती दिन सक्ने छ ।

(ग) दफा २५ को उपदफा (१) बमोजिम जुन पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले त्यो पदाधिकारीलाई सफाई पेश गर्नको लागि आफ्ना भनाईहरु राख्न अनुमती दिनु पर्नेछ

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्तावमा आ-आफ्ना भनाईहरु राख्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सम्मेलनको बहुमत अविश्वासको प्रस्तावको पक्ष कि विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिम कुनै एक तरिका अपनाई अविश्वासको प्रस्ताव उपरको निर्णय घोषिणा गर्ने छ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुह र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर वा,

(ख) संस्थाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर,

२. सम्मेलनमा सहभागिको कुल सदस्य संस्थाको $^2/_3$ दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ। प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका पदाधिकारीहरु पद मुक्त हुने छन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो पदाधिकारी उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२५. **निर्देशिका संशोधन :** सम्मेलनमा सहभागि कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरेपछि मात्र संस्थाको निर्देशिकाको कुनै दफा संसोधन वा खारेजीको लागि त्रिवि कार्यकारी परिषद् समक्ष सिफारिस गरी पठाउनु पर्ने र त्रिवि कार्यकारी परिषद्बाट स्वीकृत भएपश्चात् मात्र निर्देशिकाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२६. **कार्य सम्पादन नियमावली बनाउन सक्ने :**

१. संस्थाले कार्य सम्पादन गर्नका लागि आवश्यक कार्यप्रणाली बनाउन सक्ने छ र सो कार्यप्रणाली राष्ट्रिय सम्मेलनबाट पारित भएर मात्र लागू हुनेछ र सो को जानकारी कार्यकारी परिषद्लाई दिनु पर्नेछ ।

२. निर्देशिका अन्तर्गत बनेका कार्यप्रणालीको अधिनमा रही संस्थाको कार्य सम्पादन हुनेछ ।

२७. **कर्मचारीको व्यवस्था :**

(क) संस्थाको दैनिक कार्य संचालन, योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक कर्मचारी दरबन्दी सिर्जना पारिश्रमिक भत्ता तथा अन्य सुविधा र सेवा शर्त सम्बन्धी व्यवस्था कार्यसमितिले तोक्नेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको कार्यक्रम कार्यान्वयनको लागि विदेशी सल्लाहकार वा स्वयं सेवक राख्नु पर्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुर्‍याउने सेवा कामको औचित्य र निजले प्राप्त गर्ने सुविधा निजको योग्यता समेतको विवरण त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्लाई जानकारी गराउनु पर्ने छ ।

२८. **संस्था खारेजी :**

(१) राष्ट्रिय सम्मेलनले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्मा सिफारिश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाको खारेजी प्रस्ताव पारित गर्दा राष्ट्रिय सम्मेलनले खारेजीको कामको लागि एक समिति गठन गर्न सक्नेछ ।

(३) कारणवश संस्था विघटन भै खारेज भएमा संस्थाको दायित्व फरफारक गरी बाँकी रहेको सम्पूर्ण जायजेथा त्रिभुवन विश्वविद्यालयको हुनेछ ।

२९. **व्याख्या :** यो निर्देशिका र निर्देशिका अन्तर्गत बनेको कार्यप्रणालीको व्याख्या कार्यकारी परिषद्लाई हुनेछ ।

३०. **गोप्यता भंग गर्न नहुने :** संस्थाका कुनै पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य एवं गोप्यता भंग गर्नु हुँदैन साथै कार्य समितिका पदाधिकारी वा सदस्यहरुले बैठक वा राष्ट्रिय सम्मेलनमा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाउने छैन ।

३१. **तदर्थ समिति :**

१. संस्थाको स्थापना गरी दर्ता गराउनको लागि संस्थाको निर्देशिकाको दफा १२ मा रहेको तदर्थ समितिले ६ महिनाभित्र राष्ट्रिय सम्मेलन बोलाई निर्देशिका अनुसार निर्वाचन समिति गठन गरी नयाँ कार्य समितिको गठन गरिनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ कार्य समितिले गरेका काम कारवाहीहरु यसै निर्देशिका सरह भएको मानिने छ

३२. "त्रिभुवन विश्वविद्यालय एल्मुनाई एसोसिएसन, नेपाल" को संरक्षक त्रिभुवन विश्वविद्यालयको उपकुलपति हुनेछ ।

३३. हामी "त्रिभुवन विश्वविद्यालय एल्मुनाई एसोसिएसन, नेपाल" का निम्न संस्थापकहरु यस निर्देशिका बमोजिम कार्य गर्न मन्जुर गरी सहिछाप गरेका छौं ।

**संस्थापकको नाम, थर ठेगाना**

१. नाम :

ठेगाना :

सहीछाप :

अनुसूची-१
निर्देशिका को दफा ३ सँग सम्बन्धित

यस संस्थाको छाप र चिह्न देहाय बमोजिमको हुनेछ ।

---

## शुभकामना

त्रिवि एलुम्नाई एशोसिएशन नेपालको चौथो राष्ट्रिय सम्मेलनको अवसरमा स्मारिका प्रकाशन गर्न लाग्नु भएकोमा हार्दिक बधाई दिँदै सम्मेलनको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौं ।

*-ग्लोबल आइएमई बैंक लिमिटेड, कीर्तिपुर शाखा*

## शुभकामना

त्रिवि एलुम्नाई एशोसिएशन नेपालको चौथो राष्ट्रिय सम्मेलनको अवसरमा स्मारिका प्रकाशन गर्न लाग्नु भएकोमा हार्दिक बधाई दिँदै सम्मेलनको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौं ।

*-राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, काठमाडौं*

## शुभकामना

त्रिवि एलुम्नाई एशोसिएशन नेपालको चौथो राष्ट्रिय सम्मेलनको अवसरमा स्मारिका प्रकाशन गर्न लाग्नु भएकोमा हार्दिक बधाई दिँदै सम्मेलनको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौं ।

*-काठमाडौं मोडेल कलेज, काठमाडौं*

## शुभकामना

त्रिवि एलुम्नाई एशोसिएशन नेपालको चौथो राष्ट्रिय सम्मेलनको अवसरमा स्मारिका प्रकाशन गर्न लाग्नु भएकोमा हार्दिक बधाई दिँदै सम्मेलनको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौं ।

*-टेक्सास इन्टरनेशनल कलेज, काठमाडौं*

## शुभकामना

त्रिवि एलुम्नाई एशोसिएशन नेपालको चौथो राष्ट्रिय सम्मेलनको अवसरमा स्मारिका प्रकाशन गर्न लाग्नु भएकोमा हार्दिक बधाई दिँदै सम्मेलनको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौं ।

*-शिष्टाचार अभियान नेपाल, काठमाडौं*

# त्रिवि एलुम्नाई एशोसिएशन नेपालका आजीवन सदस्यहरूको विवरण

| S.N. | Date (B.S.) | Date (A.D.) | R.N. | Name of Member | TU Registration No. | Contact No. | Email |
|---|---|---|---|---|---|---|---|
| 1 | 2074.11.09 | 2018.02.21 | 1 | Tirth Raj Khanal | 569-66 | 9851225012 | Khanaytirtha@gmail.com |
| 2 | 2074.11.09 | 2018.02.21 | 2 | Sudha Tripathi | 33-00405G-5 | 9851207030 | sutri2015@yahoo.com |
| 3 | 2074.11.09 | 2018.02.21 | 3 | Dilli Ram Upreti | | | |
| 4 | 2074.11.09 | 2018.02.21 | 4 | Smrity Shrestha Hada | 27-71-05 | 9849058333 | smrity.shresthahada7@gmail.com |
| 5 | 2074.12.07 | 2018.03.21 | 5 | Arjun Kanta Mainali | 51802 | 01-5528435 | arjunkant@hotmail.com |
| 6 | 2074.12.07 | 2018.03.21 | 6 | Ridish Kumar Pokharel | 77776 | 01-4890001 | ridishp@gmail.com |
| 7 | 2074.12.07 | 2018.03.21 | 7 | Samidha Dhungel Pokharel | 34-04394-03 | 98416..6333 | samidhap40@yahoo.com |
| 8 | 2074.12.07 | 2018.03.21 | 8 | Indresh Thakur | 6-1-14-117-96 | 9841760981 | indreshthakur@gmail.com |
| 9 | 2074.12.07 | 2018.03.21 | 9 | Nodanath Trital | 9-1-9-651-98 | 9852050103 | noda.trital@tu.edu.np |
| 10 | 2074.12.13 | 2018.03.27 | 10 | Kubir Rai | 7-2-11-332-2008 | 9852052158 | thulunglruber@gmail.com |
| 11 | 2074.12.13 | 2018.03.27 | 11 | Anjan Ghimire | 6-2-10-2597-2000 | 98416..7349 | ghimireanjan@gmail.com |
| 12 | 2074.12.15 | 2018.03.29 | 12 | Prof. Dr. Santosh Rayamajhi | 34-041784-0 | 9840051318 | srayamajhi2002@gmail.com |
| 13 | 2074.12.16 | 2018.03.30 | 13 | Achyut Raj Gyawali | 31-245536-1 | 9846032991 | gyawali_achyut@yahoo.com |
| 14 | 2074.12.16 | 2018.03.30 | 14 | Niroj Koirala | 6-1-11-230-2000 | 98425..9020 | nirojkoirala2008@gmail.com |
| 15 | 2074.12.19 | 2018.04.02 | 15 | Umesh Shrestha | | | |
| 16 | 2074.12.19 | 2018.04.02 | 16 | Pradip Kumar Shrestha | | 98510..1311 | pradeep@panchakanya.com |
| 17 | 2074.12.20 | 2018.04.03 | 17 | Kedar Bhakta Mathema | | 01-5529325 | kemathema@gmail.com |
| 18 | 2074.12.21 | 2018.04.04 | 18 | Krishna Hari Baskota | | 9841350280 | kbaskota1@gmail.com |
| 19 | 2074.12.21 | 2018.04.04 | 19 | Kiran Kumar Pokharel | | 9851033000 | simpanakiran@gmail.com |
| 20 | 2074.12.21 | 2018.04.04 | 20 | Rita Devi Niroula | 6-1-14-955-96 | 9841281704 | ritaniraula@gmail.com |
| 21 | 2074.12.22 | 2018.04.05 | 21 | Hem Raj Subedi | | 9851238266 | hemrsubedi@gmail.com |
| 22 | 2074.12.22 | 2018.04.05 | 22 | Ram Chandra Pokharel | 11550-81 | 98512..5275 | rc_pokharel@hotmail.com |
| 23 | 2074.12.22 | 2018.04.05 | 23 | Krishna Prasad | 31-224258-2 | 9855060244 | gautamkp214@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 24 | 2074.12.22 | 2018.04.05 | 24 | Shiva Lal Bhusal | | 9851274122 | shivabhusal123@gmail.com |
| 25 | 2074.12.22 | 2018.04.05 | 25 | Garima Pokharel | 7-2-444-40-2006 | 01-4850001 | pokharelgarima@gmail.com |
| 26 | 2074.12.22 | 2018.04.05 | 26 | Sambridda Pokharel | 7-2-383-83-2009 | 01-4850001 | sambridp8@gmail.com |
| 27 | 2074.12.23 | 2018.04.06 | 27 | Hari Prasad Dahal | 6-1-11-54-96 | 9852033723 | haridahal2033@gmail.com |
| 28 | 2074.12.24 | 2018.04.07 | 28 | Rabindra Adhikari | | | |
| 29 | 2074.12.24 | 2018.04.07 | 29 | Bal Krishna Burlakoti | | 9851056099 | |
| 30 | 2074.12.24 | 2018.04.07 | 30 | Lila Kumar Dhungel | | 9852021515 | |
| 31 | 2074.12.24 | 2018.04.07 | 31 | Dhana Raj Acharya | | 9851052471 | |
| 32 | 2074.12.24 | 2018.04.07 | 32 | D.R. Khanal | | 9851024555 | rodrkhanal@gmail.com |
| 33 | 2074.12.24 | 2018.04.07 | 33 | Madhu Sudan Sharma | | 9858021722 | |
| 34 | 2074.12.25 | 2018.04.08 | 34 | Nirmal Mishra | 24769-87 | 9851237033 | nirmal.mishra@tu.edu.np |
| 35 | 2074.12.25 | 2018.04.08 | 35 | Sarita Tiwari Dhungana | 9-1-29-256-97 | 9846030680 | tusaritatiwari@gmail.com |
| 36 | 2074.12.25 | 2018.04.08 | 36 | Rameshwori Dhungel | 3715-73 | 9841238605 | |
| 37 | 2074.12.26 | 2018.04.09 | 37 | Kamal Ghimire | 41864-88 | 9851212627 | ghimirekamal82@gmail.com |
| 38 | 2074.12.26 | 2018.04.09 | 38 | Sudarshan Raj Tiwari | 215-67 | 01-4418692 | srtiwari@ioe.edu.np |
| 39 | 2074.12.27 | 2018.04.10 | 39 | Ghanashyam Sharma | 5237584-2000 | 9842333184 | sharma_0977@yahoo.com |
| 40 | 2074.12.27 | 2018.04.10 | 40 | Bhupa Prasad Dhamala | 53690 | 9851218905 | bhupadhamala@gmail.com |
| 41 | 2075.01.01 | 2018.04.14 | 41 | Suman Kumar Dahal | | 9849236407 | sumankdahal@gmail.com |
| 42 | 2075.01.01 | 2018.04.14 | 42 | Keshab Pd. Dahal | 23734-86 | 9851042566 | advocatekeshab@yahoo.com |
| 43 | 2075.01.13 | 2018.04.26 | 43 | Dr. Krishna Kaphle | 54841-91 | 9845056734 | krishnakaphledr@gmail.com |
| 44 | 2075.01.13 | 2018.04.26 | 44 | Chernath Neupane | 1128-90 | 9841181913 | chernneupane69@gmail.com |
| 45 | 2075.01.19 | 2018.05.02 | 45 | Hikmat Bahadur Raya | 30043-90 | 9851150012 | rayahikmat08@gmail.com |
| 46 | 2075.02.10 | 2018.05.24 | 46 | Sanat Kumar Dahal | | 9851111505 | sk_dahal@yahoo.com |
| 47 | 2075.02.10 | 2018.05.24 | 47 | Prof. Dr. Ram Prasad Khatiwada | 8376 | 9851172978 | ramktd@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 48 | 2075.02.10 | 2018.05.24 | 48 | Sanita Prabha Bhanju Pradhan | 17981-88 | 01-4278151 | sanitabhanjupradhan@gmail.com |
| 49 | 2075.02.11 | 2018.05.25 | 49 | Rameshwor Upadhyaya | 47933 | 9841564712 | urameshwor@gmail.com |
| 50 | 2075.02.15 | 2018.05.29 | 50 | Prof. Dr. Shankar Pd. Khanal | | 9849413167 | drshankarcds@gmail.com |
| 51 | 2075.02.15 | 2018.05.29 | 51 | Bhola Nath Dhakal | 1678-88 | 9811381007 | dhakalbn@gmail.com |
| 52 | 2075.02.15 | 2018.05.29 | 52 | Rabi Shrestha | 2453-96 | 9849258015 | |
| 53 | 2075.02.15 | 2018.05.29 | 53 | Bhaskar Shrestha | 28274-95 | | |
| 54 | 2075.02.15 | 2018.05.29 | 54 | Anita Shrestha | 7-1-025-0023 | | |
| 55 | 2075.02.16 | 2018.05.30 | 55 | Nirja Pokhrel | 9955-01 | 9851119180 | |
| 56 | 2075.02.21 | 2018.06.04 | 56 | Krishna Prasad Acharya | | | |
| 57 | 2075.02.22 | 2018.06.05 | 57 | Nanda Kishor Kumar (Singh) | 29942-88 | 9841206164 | |
| 58 | 2075.02.27 | 2018.06.10 | 58 | Sunita Dhungel | 6-2-274-495-98 | 01-6616133 | dhungelsunita11@yahoo.com |
| 59 | 2075.02.27 | 2018.06.10 | 59 | Surya Prasad Adhikari | 36-018907 | 9851223352 | surya_ioe@yahoo.com |
| 60 | 2075.02.28 | 2018.06.11 | 60 | Uma Pandey | 7-1-246-62-97 | 9841585734 | u_pandey67@yahoo.com |
| 61 | 2075.02.28 | 2018.06.11 | 61 | Bhrigu Devi Sapkota | | 01-4310874 | bhrigudevi2039@gmail.com |
| 62 | 2075.02.28 | 2018.06.11 | 62 | Anita Kharal | 9-2-29-1052-2006 | 9841799783 | anita.kharal@gmail.com |
| 63 | 2075.02.29 | 2018.06.12 | 63 | Santosh Upreti | 7-2-39-01-2002 | 9841689363 | sanupt2005@gmail.com |
| 64 | 2075.02.30 | 2018.06.13 | 64 | Prof. Dr. Krishna Raj Tiwari (Ph.D.) | 5399-81 | 9849019884 | krishna.iof@gmail.com |
| 65 | 2075.03.01 | 2018.06.15 | 65 | Sita Kumari Khanal | | 9841369566 | |
| 66 | 2075.03.01 | 2018.06.15 | 66 | Dr. Kushmila Acharya | | 9851029672 | acharyakushmila@gmail.com |
| 67 | 2075.03.18 | 2018.07.02 | 67 | Chhatra Bahadur Karki | 6-1-32-961-97 | 9851019556 | karkichhatra96@yahoo.com |
| 68 | 2075.03.18 | 2018.07.02 | 68 | Subarna Acharya | 7-1-1-2005 | 9852680890 | acharyailam@gmail.com |
| 69 | 2075.03.21 | 2018.07.05 | 69 | Prof. Dr. Chandra Lal Shrestha | 1905 | 01-5540551 | chandra5222@gmail.com |
| 70 | 2075.03.24 | 2018.07.08 | 70 | Nima Sherpa | 15188-92 | 9742022557 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 71 | 2075.03.24 | 2018.07.08 | 71 | Arjun Tamang | 9-1-9-337-96 | 9842392551 | yonjanarjun1980@gmail.com |
| 72 | 2075.03.24 | 2018.07.08 | 72 | Rupa Rijal | 7-2-25-256-2008 | 9860560259 | prijalrr850@gmail.com |
| 73 | 2075.03.29 | 2018.07.13 | 73 | Prakash Bhandari | 3389-89 | 9851099575 | prakash.bhandari@himalayanbank.com |
| 74 | 2075.03.29 | 2018.07.13 | 74 | Bisnu Kumar Karki | 6-1-7-91-2001 | 9849562507 | karkibisnu@gmail.com |
| 75 | 2075.03.31 | 2018.07.15 | 75 | Durga Devi Khadka | 9-2-9-466-2009 | 9842366010 | |
| 76 | 2075.04.02 | 2018.07.18 | 76 | Hari Raj Atreya | 9-2-50-1623-2000 | 9841519340 | atreyahari@gmail.com |
| 77 | 2075.04.03 | 2018.07.19 | 77 | Mohan Siwakoti | 84-46-47 | 9849245259 | mohansiwakoti@live.com |
| 78 | 2075.04.03 | 2018.07.19 | 78 | Seeta Siwakoti Olee | 33-044163-5 | 9841320348 | siwakotiseeta@gmail.com |
| 79 | 2075.04.06 | 2018.07.22 | 79 | Mohan Prasad Panthi | 30-521475-5 | 9851112440 | pantheemp@gmail.com |
| 80 | 2075.04.07 | 2018.07.23 | 80 | Niranjan Wasti | 36-002422 | 9842037950 | |
| 81 | 2075.04.07 | 2018.07.23 | 81 | Netra Prasad Neupane | 31-492623-1 | 9851227517 | drnetrapdneupane@gmail.com |
| 82 | 2075.04.07 | 2018.07.23 | 82 | Subhash Prasad | | 9855022350 | subhashpd75@gmail.com |
| 83 | 2075.04.07 | 2018.07.23 | 83 | Hom Nath Bhattarai | 31-008201-6 | 9841370918 | homnathilam@gmail.com |
| 84 | 2075.04.07 | 2018.07.23 | 84 | Shree Prasad Ghimire | 55667-91 | 9841242562 | ghimire_625@hotmail.com |
| 85 | 2075.04.07 | 2018.07.23 | 85 | Siddhi Raj Joshi | 3112-91 | 9841569633 | siddhijoshi2000@gmail.com |
| 86 | 2075.04.07 | 2018.07.23 | 86 | Krishna Prasad Acharya | 00-45-53 | 9843152565 | kpacharya13@gmail.com |
| 87 | 2075.04.07 | 2018.07.23 | 87 | Giri Raj Paudel | | 9851190403 | grpaudel58@gmail.com |
| 88 | 2075.04.07 | 2018.07.23 | 88 | Sudesh Pandit | 9-1-29-266-97 | 9846132259 | |
| 89 | 2075.04.07 | 2018.07.23 | 89 | Sushil Sharma | 32567-94 | 9856032273 | sushilsharma111@yahoo.com |
| 90 | 2075.04.07 | 2018.07.23 | 90 | Kamal Gautam | 4252-88 | 9851144736 | kamalgautamktm@gmail.com |
| 91 | 2075.04.07 | 2018.07.23 | 91 | Shubhsekhar Kandel 'Ph.D' | 12249-87 | 9851134359 | subhsekhar@gmail.com |
| 92 | 2075.04.07 | 2018.07.23 | 92 | Deva Raj Acharya | 9-2-50-974-90 | 9857012250 | drabmc@live.com |
| 93 | 2075.04.09 | 2018.07.25 | 93 | Ganga Bahadur Magar | 32-388668-4 | 9851014504 | simah88@hotmail.com |
| 94 | 2075.04.09 | 2018.07.25 | 94 | Guna nidhi Nyaupane | | 9851139300 | gunanidhi51@gmail.com |
| 95 | 2075.04.09 | 2018.07.25 | 95 | Prof. Bidya Nath Koirala, Ph.D. | | 9851104179 | sambedan@wlink.com.np |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 96 | 2075.04.21 | 2018.08.06 | 96 | Sagar Gautam | 7-2-278-1335-2003 | 9849206541 | gautam.sag@gmail.com |
| 97 | 2075.04.27 | 2018.08.12 | 97 | Indra Prasad Adhikari | 33-017701-1 | 9841634099 | adhikariip@gmail.com |
| 98 | 2075.04.27 | 2018.08.12 | 98 | Shanjaya Kumar Shah | 9-2-243-50-2000 | 9852834289 | kirrley555@gmail.com |
| 99 | 2075.04.27 | 2018.08.12 | 99 | Ram Kailash Prasad Yadav | 21678 | 9849038579 | rkp.yadav@cdbtu.edu.np |
| 100 | 2075.04.27 | 2018.08.12 | 100 | Krishna Prasad Bastakoti | | 9823374258 | krishnatuinformation@gmail.com |
| 101 | 2075.04.27 | 2018.08.12 | 101 | Min Prasad Adhikari | | 9852050238 | adhikarimin010@gmail.com |
| 102 | 2075.04.29 | 2018.08.14 | 102 | Bishnu G.C. | | 9841293635 | bishnugcbgc@gmail.com |
| 103 | 2075.04.29 | 2018.08.14 | 103 | Ganesh Bahadur Singh | | 9851107732 | ganesh.bdr.singh@gmail.com |
| 104 | 2075.04.30 | 2018.08.15 | 104 | Dr. Arun Kumar Thakur | 15698 | 9842020966 | arunthakur966@gmail.com |
| 105 | 2075.04.31 | 2018.08.16 | 105 | Sajita Shrestha | 20710-92 | 9841218351 | shresthasazni@gmail.com |
| 106 | 2075.04.31 | 2018.08.16 | 106 | Ram Kumar Sarestha | 11316-88 | 9851172247 | shresthaomsaz@gmail.com |
| 107 | 2075.05.01 | 2018.08.17 | 107 | Bhupendra Bahadur Shah | 7947-91 | 9858053782 | bhupendrashahi2071@gmail.com |
| 108 | 2075.05.01 | 2018.08.17 | 108 | Rajani Raj Bhandary (Pradhan) Ph.D. | | 9841814936 | rajanirajbhandary@yahoo.com |
| 109 | 2075.05.03 | 2018.08.19 | 109 | Kanti Dahal | | 9849145630 | kanti.dahal@yahoo.com |
| 110 | 2075.05.03 | 2018.08.19 | 110 | Prof. Dr. Renuka Joshi (Baidya) | 2009/72 | 9851009797 | |
| 111 | 2075.05.03 | 2018.08.19 | 111 | Lok Nath Dulal | 11843/84 | 9841513940 | dulalloknath@gmail.com |
| 112 | 2075.05.03 | 2018.08.19 | 112 | Nira Shrestha Karmacharya | 31-335462-4 | 9851155234 | bkneeras56@gmail.com |
| 113 | 2075.05.03 | 2018.08.19 | 113 | Khum Pd. Sharma | 6-1-48-63396 | 9851075124 | khumpsharma@gmail.com |
| 114 | 2075.05.03 | 2018.08.19 | 114 | Gyanendra Bir Malakar | 34-028704-3 | 9841743334 | gbmalakar@gmail.com |
| 115 | 2075.05.03 | 2018.08.19 | 115 | Purushottam Bahadur Pradhan | 32-052862-4 | 14439236 | pradhan_purushottam@hotmail.com |
| 116 | 2075.05.03 | 2018.08.19 | 116 | Dr. Sabina Singh Shrestha | 13761-81 | 9741009580 | sabinasingh32@hotmail.com |
| 117 | 2075.05.03 | 2018.08.19 | 117 | Pushpa Gurlachi | 32-010038-4 | 9841215253 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
